## एक गाविस एक मानवअधिकार रक्षक अभियान परियोजना

# प्रगति प्रतिवेदन

## Achievement Report

सन् २०१४-२०१५




**प्रकाशक**

मानवअधिकार मञ्च (हुर्फ) नेपाल
इलाम नगरपालिका ३, गोलबस्ती, इलाम
फोन: ०२७५२०८००, फ्याक्स: ०२७५२०९१९
इमेल: hurfilam@ntc.net.np, info@hurf.org.np
वेब: www.hurf.org.np

**प्रकाशन सहयोग**

जर्मन सहयोग DEUTSCHE ZUSAMMENARBEIT
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
zfd Ziviler Friedensdienst Civil Peace Service

## Vision
HURF envisions a civilized and prosperous society.

## Mission
HURF actively works for establishing sustainable peace and justice through protection and promotion of human rights

## Goals
- An increasing number of people, especially marginalized, minorities and poor people live in a just and human rights based society without any kind of discrimination, where they have better access to social justice and practice their rights.
- Increasing number of people who is aware and educated on their socio-cultural, economic and environmental rights, burning/contemporary issues/public concerns, GoN's policies and laws and enabled them to play significant role in effective implementation of the GoN's policies, programs, and procedures.
- Enhancing and mobilizing physical and human resource competencies of the organization to ensure the goals of its thematic programs through research, knowledge transformation, fund raising, relationship building and collaboration with existing and new partners and different level stakeholders.

## Objectives of the Second Strategic Plan Period 2014- 2018
1. Rights-holders get assistance from the concerned stakeholders to ensure their human rights and other rights (civil, political, socio-cultural, economic, legal, health & environmental rights etc. guaranteed by the international and national laws).
2. Rights-holders especially women & single women, girls, child, Dalits, conflict affected, persons with disability, sexual minorities, Adibasi/Janajati & ethnic minorities, senior citizen, poor and vulnerable groups get assistance to prevent and reduce violence and all kinds of discrimination, and get social justice.
3. Rights-holders are aware and able to get and practice their rights (guaranteed in the international and national laws, and GoN's policies) and concerned stakeholders are motivated and more accountable to ensure their rights through democratic practices.
4. Community people and stakeholders are aware on the burning/contemporary issues/public concerns and actively play role to address these issue in democratic way.
5. Along with sufficient infrastructures and equipments, HURF's Human resources are developed, managed and effectively mobilized to ensure its organizational and programmatic goals through revised existing polices, developing new policies (as required) and implementing effectively.
6. HURF's relationship with existing and new partners is well-developed (become stronger) in order to increase fund and technical supports for the programs and organizational development.
7. Issues related to the HURF's working areas are identified through research and knowledge transformation, and publication and dissemination to contribute and consolidate in achieving its organizational and programmatic goals.

## Major Thematic Areas
- Human rights and Rights
- Conflict, Peace and Justice
- Gender and Social Inclusion
- Democracy and Governance
- Research and Publication

## HURF's Projects and cooperation with different National and International Partners

| SN | Name of The Project | Thematic Area | Funding Partner | Cooperation Since |
|---|---|---|---|---|
| 1 | Women Rights Program | Rights and Human Rights, Democracy and Governance, Gender and Social Inclusion | GIZ/SUNAG | 2008 |
| 2 | Peace Building and conflict Transformation | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2008 |
| 3 | Awareness on Positive discrimination | Democracy and Governance, Gender and Social Inclusion | Stiftung Umverteilen, Germany | 2007 |
| 4 | Awareness on Citizen Charter and Effective Service Delivery | Democracy and Governance | Chemonics Int'l/ USAID | 2011 |
| 5 | Human Rights Education, Monitoring and Documentation | Rights and Human Rights | INSEC | 1998 |
| 6 | Human Rights | Rights and Human Rights | National Human Rights Commission | 1998 |
| 7 | Community Mediation Program | Conflict, Peace and Justice | DFID/ESP/CIVICT | 2001 |
| 8 | Mediation for Peace and Social Justice | Conflict, Peace and Justice | Swish Agency for Development Cooperation(SDC) | 2011 |
| 9 | Capacity building of Mediators and Psychosocial Counselors | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2008 |
| 10 | Forum Theatre (awareness on social issues) | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2008 |
| 11 | Effort against Child Rights Violation and for Peace Education | Rights and Human Rights | Kindermissionswerk, Germany | 2013 |
| 12 | One VDC One HR Defender Campaign | Rights and Human Rights | Civil Peace Service ZFD-GIZ | 2014 |
| 13 | Capacity Building in Conflict Transformation and Mediation | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2014 |

## HURF Regular Services:

- Human Rights Monitoring, Documentation
- Mediation
- Psychosocial Counseling and Support
- Emergency Shelter support for Women and Children
- Legal Counseling Support

# मानव अधिकार मञ्च नेपाल, इलाम

जि.प्र.का.इ.द.नं. २४७
स.क.प.द.नं. २००९२

## Human Rights Forum Nepal, Ilam

स्था-२०५५


# प्रकाशकीय

**मानवअधिकार मञ्च नेपाल** (Human Rights Forum-HURF, Nepal), इलाम वि.सं. २०५५ (सन् १९९८) सालमा स्थापना भएको गैरसरकारी एवम् मुनाफारहित संस्था हो । मानव अधिकार मञ्च नेपाल, इलामको जिल्ला प्रशासन कार्यालय इलाम, राष्ट्रिय समाज कल्याण परिषद्, गैरसरकारी संस्था महासंघ, गैसस डेस्क लगायतका कार्यालय तथा निकायहरुमा दर्ता/आबद्धता रहेको छ ।

सभ्य र समुन्नत समाज संस्थाको परिकल्पना हो । संस्थाको ध्येय मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै दिगो शान्ति र न्यायको लागि क्रियाशील रहने भन्ने रहेको छ । मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै हिंसामुक्त र विभेदरहित संस्कृतिको विकास गर्नु संस्थाको मुख्य उद्देश्यहरु रहेका छन् । संस्थाको कामका मुख्य क्षेत्रहरु **मानवअधिकार र अधिकार, लैङ्गिक तथा सामाजिक समावेशीकरण, द्वन्द्व, शान्ति र न्याय, लोकतन्त्र र सुशासन र खोज, अध्ययन र प्रकाशन रहेको छ ।**

संस्थाको उद्देश्यहरु हासिल गर्नका लागि संस्थाले मानवअधिकारको अनुगमन तथा अभिलेखिकरण गर्दै मानवअधिकार, बालअधिकार, महिलाअधिकार, घरेलु हिंसा, जातीय विभेद र छुवाछूत विरुद्धको अभियान साथै सामाजिक परिचालन लगायतका बिषयहरुमा सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । सामुदायिक मेलमिलापको माध्यमबाट शान्ति स्थापना प्रक्रियामा सहयोग पुऱ्याउनका लागि संस्थाले द्वन्द्व रुपारन्तरण सम्वन्धी काम गरिरहेको अवस्था छ । साथै संस्थाले मेलमिलाप, कानुनी, मनोसामाजिक मनोविमर्श तथा वकालत सेवा एवम् समस्यामा परेका महिला तथा बालबालिकाहरुको लागि आकस्मिक वासस्थान सेवा समेत उपलब्ध गराउँदै आएको छ । कचहरी नाटकको माध्यमबाट समुदाय सचेतीकरणको कार्यक्रम निरन्तर सञ्चालित छ । संस्थाको मुख्य लक्षित समूहहरु सीमान्तकृत समुदायका (जस्तैः महिला, दलित, बालबालिका, आदिवासि-जनजाति, अपाङ्ग, अल्पसंख्यक, जेष्ठ नागरिक र अन्य विपन्न वर्गका नागरिकहरु) रहेका छन् । संस्था मानव अधिकार एलाइन्स, नेपाल र घरेलु हिंसा विरुद्ध पूर्वाञ्चल नेटवर्कको सदस्य रहेको छ ।

### एक गाविस एक मानवअधिकार अभियान परियोजना :

मानवअधिकार मञ्च नेपाल, इलामले आफ्नो स्थापनाकालदेखि नै मानवअधिकारको संरक्षण एवम सम्बर्द्धनको क्षेत्रमा अभियानमूलक गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ । यस सन्दर्भमा, पछिल्लो समयमा राज्यले कानून बनाएर विभिन्न गतिविधिहरु गरिरहेको अवस्था छ । मानवअधिकार मञ्च नेपाल, इलामले giz/zfd सँगको साझेदारीमा "एक गाविस एक मानवअधिकार रक्षक अभियान" परियोजना मेची इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लाहरुमा सञ्चालन गऱ्यो । कार्यक्रमको अवधि सन् २०१४ अक्टोबरदेखि सन् २०१५ अप्रिलसम्मका लागि रहेको थियो ।

परियोजना सञ्चालनका लागि पाँचथरमा मानवअधिकार चेतना र विकास केन्द्र तथा ताप्लेजुङ्गमा वातावरण संरक्षण र विकास मञ्चसँग समन्वय गरिएको थियो । परियोजनाअन्तर्गत जिल्लास्तरीय सरोकारवालाहरुसँगको छलफल, मानवअधिकार रक्षकहरुको छनौट, रक्षकहरुको लागि पाँच दिने र दुई दिने गरी दुई चरणको तालिम, सञ्चारकर्मीहरुलाई अभिमुखिकरण, फेलोसिप, स्थानीयस्तर (गाविस/नगरपालिका) मा सरोकारवालाहरुसँग छलफल, विभिन्न प्रकाशनहरु, मानवअधिकार रक्षकहरुको जिल्लस्तरीय सम्मेलन लगायतका क्रियाकलापहरु भए ।

सन् २०१४-२०१५ मा सञ्चालित परियोजनाबाट प्राप्त उपलब्धीहरुलाई अभिलेखन गर्ने प्रयासस्वरुप यो प्रगति प्रतिवेदन तयार भएको छ । कार्यक्रमको समग्र पक्षलाई हेर्दा एक गाविस एक मानवअधिकार रक्षक अभियान परियोजनामार्फत् महत्वपूर्ण उपलब्धी हासिल भएको छ । आगामी दिनमा परियोजनालाई दिगो रुपमा सञ्चालन गर्नको लागि सरोकारावाला सबैको महत्वपूर्ण भूमिका रहन्छ भन्ने हाम्रो बुझाई रहेको छ । हामीले सरोकारवालाहरुबीचको साझा प्रयासबाट मात्रै मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न सक्छौं । यस काममा सरोकारवाला सम्पूर्ण निकायहरुको हातेमालो अपरिहार्य छ । अन्त्यमा, यो प्रतिवेदन तयार गर्ने संस्थाका श्री नवराज शंकर र श्री भक्त थामी लगायत मित्रहरु र कार्यक्रमको सहयोगी संस्था giz/zfd लाई संस्थाको तर्फबाट विशेष धन्यावाद दिन चाहान्छु ।

....................

**मोहनसिंह थेवे**

अध्यक्ष

# विषयसूची


| विषय शीर्षक | पेज नं. |
| --- | --- |
| १. संस्था परिचय | १ |
| २. परियोजनाबारे संक्षिप्त जानकारी | १-२ |
| ३. परियोजनाका क्रियाकलाप तथा उपलब्धीहरू | ३-१० |
| ४. परियोजनाको प्रभावहरू | १० |
| ५. सिकाइ | १० |
| ६. लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको क्षेत्रमा परियोजना | ११ |
| Summary of the Report | १२-१४ |
| Major Findings of the HR Defender Program | १५-१७ |

अनुसूचीहरू

- पत्रपत्रिकाहरू
- मानवअधिकार रक्षकहरूको संक्षिप्त विवरण
- फेलोसिपअन्तर्गतका सामाग्रीहरू

# एक गाविस एक मानवअधिकार रक्षक अभियान

# प्रगति प्रतिवेदन

## सन् २०१४-२०१५

### १. संस्था परिचय :

मानवअधिकार मञ्च (Human Rights Forum-HURF) नेपाल, इलाम वि.सं. २०५५ (सन् १९९८) सालमा स्थापना भएको गैरसरकारी एवम् मुनाफारहित संस्था हो । सभ्य र समुन्नत समाज संस्थाको परिकल्पना हो । संस्थाको ध्येय मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै दिगो शान्ति र न्यायको लागि क्रियाशिल रहेको छ । मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै हिंसामुक्त र विभेदरहित संस्कृतिको विकास गर्नु संस्थाको मुख्य उद्देश्यहरु रहेका छन् । संस्थाको कामका मुख्य क्षेत्रहरु:

- मानवअधिकार र अधिकार
- लैङ्गिक तथा सामाजिक समावेशीकरण
- द्वन्द्व, शान्ति र न्याय
- लोकतन्त्र र सुशासन
- खोज, अध्ययन र प्रकाशन

संस्थाको उद्देश्यहरु हासिल गर्नका लागि संस्थाले मानवअधिकारको अनुगमन तथा अभिलेखिकरण गर्दै मानवअधिकार, बालअधिकार, महिलाअधिकार, घरेलु हिंसा, सामाजिक परिचालन लगायतका बिषयहरुमा सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । सामुदायिक मेलमिलापको माध्यमबाट शान्ति स्थापना प्रक्रियामा सहयोग पुऱ्याउनका लागि संस्थाले काम गरिरहेको छ । संस्थाले मेलमिलाप, कानुनी सहायता, मनोसामाजिक मनोविमर्श एवम् समस्यामा परेका महिला तथा बालबालिकाहरुको लागि आकस्मिक वासस्थान सेवा समेत उपलब्ध गराउँदै आएको छ । संस्थाको मुख्य लक्षित समूहहरु सीमान्तकृत समुदाय (जस्तैः महिला, दलित, बालबालिका, आदिवासि-जनजाति, अपाङ्ग, अल्पसंख्यक, जेष्ठ नागरिक र अन्य विपन्न वर्गका नागरिकहरु रहेका छन् ।

मानवअधिकार मञ्च नेपाल, इलाम नेपाल सरकारका विभिन्न आवश्यकीय निकायहरुमा आबद्ध हुनका अलवा मानव अधिकार एलायन्स, घरेलु हिंसा विरुद्ध पूर्वाञ्चल नेटवर्कको सदस्यको रुपमा समेत रहेको छ ।

### २. परियोजनाबारे संक्षिप्त जानकारी :



मानवअधिकार मञ्च नेपाल, इलामद्वारा जर्मन विकास सहयोग अन्तर्गतको नागरिक शान्ति सेवा कार्यक्रम (giz/zfd) को सहयोगमा "एक गाविस एक मानवअधिकार रक्षक अभियान" परियोजना इलाम, पाँचथर र ताप्लेजुङ्गमा सञ्चालन भएको थियो । परियोजना अवधि सन् २०१४ अक्टोबरदेखि २०१५ मार्च (छ महिना १५ दिन) सम्म रहेको थियो । ३ वटै जिल्लाका सबै गाविस र नगरपालिकामा तालिम प्राप्त मानवअधिकार रक्षक तयार पारिएको छ ।

**परियोजनाका उद्देश्यहरु :**

- स्थानीय तहमा मानवअधिकार हनन्, उल्लंघन, ज्यादती र अपराधका घटनाहरुको अभिलेखिकरण गर्ने कामलाई व्यवस्थित गर्ने ।
- समुदायस्तरमा मानवअधिकारबारे जानकारी अभिबृद्धि गराउने काम गर्ने ।
- राज्यका निकायहरुलाई मानवअधिकारको प्रभावकारी सम्मान र संरक्षणको लागि थप जवाफदेयी बनाउने ।
- मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि परियोजना सञ्चालन हुने जिल्लाहरुमा मानवअधिकार रक्षकहरुको अनौपचारित सञ्जालको विकास गर्ने ।
- परियोजना सञ्चालन हुने जिल्लाका सञ्चार माध्यमहरुलाई मानवअधिकारको आधारभूत मूल्य र मान्यतामा आधारित रिपोर्टिङ्ग एवम् प्रकाशन-प्रशारणमा प्राथमिकता दिन उत्प्रेरित गर्ने ।

परियोजना अन्तर्गतका सबै क्रियाकलापहरु पाँचथरमा मानव अधिकार चेतना र विकास केन्द्र (HUCODEC) नेपाल तथा ताप्लेजुङ्गमा वातावरण संरक्षण तथा विकास मञ्च (ECDF) स्थानीय संयोजनमा सम्पन्न भएको थियो । परियोजना अन्तर्गत जिल्लास्तरीय सरोकारवालाहरु तथा गाविस सचिव र नगरपालिकाका कार्यकारी अधिकृतहरुसँग समन्वय बैठक, मानवअधिकार रक्षकहरुको छनौट, सञ्चारकर्मीहरुको लागि एक दिने अभिमुखिकरण, मानवअधिकार रक्षकहरुको लागि ५ दिने र २ दिने तालिम, मानवअधिकार रक्षकहरुको संयोजनमा स्थानीय निकायमा एक दिने अन्तरक्रिया, प्रकाशन (पुस्तक, लिफ्लेक्ट, मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेका ३० धारा समेटिएको फ्लेक्स र प्रगति प्रतिवेदन), मानवअधिकार रक्षकहरुको जिल्लास्तरीय सम्मेलन, सञ्चारकर्मीहरुको लागि फेलोसिप र परियोजनाको अनुगमन तथा मूल्याङ्कन जस्ता क्रियाकलापहरु रहेका थिए ।

## ३. परियोजनाका क्रियाकलाप तथा उपलब्धीहरू :

### ३.१. परियोजनाको कर्मचारी छनौट :

जर्मन विकास सहयोग अन्तर्गतको नागरिक शान्ति सेवा कार्यक्रम (giz/zfd) को सहयोगमा मानव अधिकार मञ्च नेपाल, इलामद्वारा सञ्चालित एक गाविस एक मानवअधिकार रक्षक अभियान परियोजना सञ्चालनका लागि यसप्रकारका कर्मचाीहरु छनौट गरियो ।

**परियोजनाका कर्मचारी**



कार्यक्रम संयोजक
भक्त थामी



फिल्ड अफिसर
कोकिला ढकाल



लेखापाल
जनक भण्डारी

### ३.२. सरोकारवालाहरुसँग समन्वय बैठक :

परियोजनाअन्तर्गत कर्मचारीहरुको छनौट पश्चात् परियोजना सञ्चालन हुने जिल्लाहरु इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लामा जिल्लास्तरीय सरकारी कार्यालय तथा संघ, संस्थाका प्रमुख एवम् प्रतिनिधिहरु तथा गाउँ विकास समितिका सचिव एवम् नगरपालिकाका कार्यकारी अधिकृतहरुसँग समन्वय बैठक सम्पन्न भयो । समन्वय बैठकमा उपस्थितहरुबाट परियोजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि महत्वपूर्ण सल्लाह, सुझावहरु प्राप्त भएको थियो ।



**उपलब्धीहरु :**

१. परियोजनाको बारेमा सरोकारवालाहरुलाई जानकारी प्राप्त भयो ।

२. परियोजनाका सन्दर्भमा सरोकारवाला नियकाबीचको छलफल र अन्तरक्रियाले परियोजनाका निर्धारित क्रियाकलापहरु सञ्चालन गर्ने सन्दर्भमा आवश्यक सहयोग पुऱ्याउने प्रतिबद्धता प्राप्त भयो ।

३. परियोजना सञ्चालन गर्ने स्थान, लागत रकम, लक्षित समुदाय र कार्यक्रम कार्यान्वयन प्रक्रियाको जानकारीबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायबाट आवश्यक सल्लाह सुझाव प्राप्त भयो ।

### ३.३. मानवअधिकार रक्षकहरुको छनौट :

इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लाका सबै गाविस नगरपालिकाको लागि मानवअधिकार रक्षकहरु छनौट गरियो । जसअन्तर्गत सबै गाविसहरुमा १-१ जना र नगरपालिकाहरुको हकमा बढीमा ८ जनासम्म मानवअधिकार रक्षकहरु छनौट गरियो । मानवअधिकार रक्षकहरुको जातिगत विविधतालाई यसप्रकार प्रस्तुत गरिएको छ :

| जिल्ला | मानवअधिकार रक्षक | | | दलित | | | आदिवासि, जनजाति | | | क्षेत्री, ब्राह्मण लगायत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा |
| इलाम | ३५ | १६ | ५१ | ६ | २ | ८ | १३ | १० | २३ | १६ | ४ | २० |
| पाँचथर | २८ | १३ | ४१ | ० | ० | ० | १७ | ९ | २६ | ११ | ४ | १५ |
| ताप्लेजुङ्ग | ३१ | २२ | ५३ | ७ | १ | ८ | ९ | १६ | २५ | १५ | ५ | २० |
| **जम्मा** | **९४** | **५१** | **१४५** | **१३** | **३** | **१६** | **३९** | **३५** | **७४** | **४२** | **१३** | **५५** |

मानवअधिकार रक्षकहरुको पूर्ण विवरणलाई अनुसूची खण्डमा समावेश गरिएको छ ।

**उपलब्धीहरु :**

१. परियोजना अन्तर्गतका क्रियाकलाप सम्पादन गर्न क्रियाशील मानवअधिकार रक्षकहरुको छनौट भएको छ ।

२. मानवअधिकार रक्षकहरुको छनौटमा महिला, दलित, आदिवासि जनजाति लगायत सीमान्तकृत वर्ग, समुदायको उल्लेख्य रुपमा संलग्नता रहेको छ ।

### ३.४. पत्रकारहरुलाई एक दिने अभिमुखिकरण :

परियोजना सञ्चालन भएका जिल्लाहरु इलाम, पाँचथर ताप्लेजुङ्ग जिल्लाका पत्रकारहरुसँगको एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । उक्त अवसरमा पत्रकारहरुले सञ्चार माध्यमहरुमा प्रकाशन, प्रशारण गर्ने समाचार एवम् सन्देशहरु मानवअधिकारको आधारभूत मूल्य र मान्यतामा आधारित रहेर सम्प्रेशित गर्ने सन्दर्भमा छलफल गरियो । सोही अवसरमा परियोजना अन्तर्गतका क्रियाकलापहरु सञ्चालन हुने जिल्लाका सञ्चारकर्मीहरुलाई मानवअधिकारको सन्दर्भमा विभिन्न पक्षसँग सम्बन्धित रहेर लेखेबापत फेलोसिप प्रदान गरिने जानकारी समेत प्रदान गरिएको थियो ।




**उपलब्धीहरु :**

१. समाचार वा विभिन्न सन्देशहरु प्रकाशन/प्रशारण गर्ने सन्दर्भमा मानवअधिकारको आधारभूत मूल्य, मान्यताको पालना गर्नुपर्ने सन्दर्भमा सहभागि पत्रकारहरुलाई थप ज्ञान, सीप र धारणा अभिबृद्धि भएको छ ।

२. लेखन कार्यमा उत्प्रेरणा अभिबृद्धि गर्नका लागि पत्रकारहरुलाई प्रदान गरिने फेलोसिपले अधिकारमा आधारित बिषयवस्तुलाई सम्बोधन गरी कार्यसम्पादन गर्ने प्रतिबद्धता प्राप्त भएको छ ।

### ३.५. मानवअधिकार रक्षकहरुका लागि पाँच दिने तालिम :

परियोजना सञ्चालनका क्रममा छनौट भएका सबै मानवअधिकार रक्षकहरुलाई पाँच दिने तालिम प्रदान गरियो । तीन वटै जिल्लाहरुमा मानवअधिकार रक्षकहरुलाई दुई समूहमा बाँडेर पाँच-पाँच दिनको तालिम सञ्चालन गरिएको हो । तालिममा सकारात्मक सोंच र व्यवहार, मानवअधिकारको अवधारणा र विकास, अधिकार र मानवअधिकार बीचको भिन्नता, मानवअधिकारमुखि विकास पद्धति, महिला आन्दोलन र अवस्था बिश्लेषण, महिला अधिकारका क्षेत्रमा भएका राष्ट्रिय, अन्तर्राष्ट्रिय पहलहरु,



घरेलु हिंसा र ऐनमा भएका व्यवस्थाहरु, जातीय विभेद र छुवाछूतको विकासक्रम, जातीय विभेद र छुवाछूतविरुद्धको राष्ट्रिय, अन्तर्राष्ट्रिय कानूनहरु,

बालअधिकार र यसको विकासक्रम, बालअधिकारको राष्ट्रिय, अन्तर्राष्ट्रिय कानूनहरु, आदिवासि जनजाति र आईएलओ १६९, सकारात्मक विभेदको अवधारणा र नेपालमा यसको अभ्यास, सूचनाको हक र यसको परिचय, मानवअधिकार रक्षकको परिचय, अवलोकन भ्रमण र अनुभव साटासाट, मानवअधिकार रक्षकले गर्नुहुने र नहुने काम तथा व्यवहारहरु, मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, मानवअधिकार हनन्, उल्लंघन, ज्यादती र अपराधका घटनाहरुको अभिलेखिकरण लगायतका बिषयमा छलफल भएको थियो । तालिमको मुख्य सहजकर्ता मानवअधिकार मञ्च नेपाल, इलामका तालिम सहजकर्ता एवम् Publication Unit प्रमुख नवराज शंकर हुनुहुन्थ्यो । यसैगरी तालिममा मनकुमार बराईलीले इलाम, पाँचथर र ताप्लेजुङ्गमा, कोकिला ढकाल र अञ्जुली दासले इलाममा, प्रेम ओझाले पाँचथरमा, मंगल बेघा र युधिष्ठिर आमगाईले पाँचथरमा, चन्द्र कालिकोटेले ताप्लेजुङ्गमा भएका तालिमहरुमा सहजीकरण गर्नुभएको थियो ।



**उपलब्धीहरु :**

१. तालिममा सहभागि मानवअधिकार रक्षकहरुमा तालिममा निर्दिष्ट गरिएका बिषयवस्तुहरुमा ज्ञान, सीप र धारणाको अभिबृद्धि भएको छ ।

२. सहभागिहरुमा मानवअधिकार रक्षकको काम, कर्तव्य र अधिकारको बारेमा जानकारी भई आ-आफ्नो कार्यस्थलमा मानवअधिकार रक्षकको रुपमा सक्रिय भई काम गर्ने प्रतिबद्धता प्राप्त भएको छ ।

### ३.६. मानवअधिकार रक्षकहरुको लागि दुई दिने तालिम :

मानवअधिकार रक्षकहरुको लागि थप बिषयवस्तुहरुलाई समावेश गरी पुनः तीन वटै जिल्लाहरुमा दुई समूहमा रहेका रक्षकहरुको तालिम समूहलाई दुई दिनको तालिम प्रदान गरियो । तालिममा द्वन्द्व र शान्तिको अवधारणा, मानवअधिकार रक्षकको अधिकार, मानवअधिकार रक्षकको आचारसंहिता, मानवअधिकार रक्षकको सम्भाव्य जोखिम, चुनौती र सुरक्षा, मानवअधिकार रक्षकको सफल कार्यविधि र प्रविधिको प्रयोग, मानवअधिकार रक्षकले गर्ने अभिलेखिकरण र रिपोर्टिङ्ग, कार्ययोजना लगायतको



बिषयहरुमा छलफल गरिएको थियो । तालिमको मुख्य सहजकर्ता मानवअधिकार मञ्च नेपाल, इलामका तालिम सहजकर्ता एवम् Publication Unit प्रमुख नवराज शंकर हुनुहुन्थ्यो । तालिममा मनकुमार बराईली (पाँचथर), मंगल बेघा (पाँचथर), युधिष्ठिर आमगाई (पाँचथर), चन्द्र कालिकोटो (ताप्लेजुङ्ग) लगायतले सहजीकरण गर्नुभएको थियो ।

**उपलब्धीहरु :**

१. तालिममा सहभागि मानवअधिकार रक्षकहरुमा तालिममा निर्दिष्ट गरिएका बिषयवस्तुहरुमा ज्ञान, सीप र धारणाको अभिबृद्धि भएको छ ।

२. सहभागिहरुमा मानवअधिकार रक्षकको काम, कर्तव्य र अधिकार, सम्भाव्य जोखिम, चुनौति र सुरक्षा तथा अभिलेखिकरण एवम् रिपोर्टिङ्गको सम्बन्धमा जानकारी भई कार्यस्थलमा मानवअधिकार रक्षकको रुपमा सक्रिय भई काम गर्ने प्रतिबद्धता प्राप्त भएको छ ।

### ३.७. स्थानीयस्तरमा एक दिवशीय अन्तरक्रिया कार्यक्रम :

मानवअधिकार रक्षकले पहिलो पटक पाँच दिन र दोस्रो पटक दुई दिनको तालिम प्राप्त गरिसकेपछि सम्बन्धित गाविस तथा नगरपालिकाहरुमा उनीहरुकै संयोजन तथा सम्बन्धित स्थानीय निकायको सहयोगमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रम मानवअधिकार रक्षकले तालिममा प्राप्त गरेका ज्ञान, सीप तथा धारणाबारे अनुभव आदान प्रदान गर्ने र मानवअधिकार रक्षकको रुपमा काम गर्नका लागि आवश्यक सल्लाह, सुझाव प्राप्त गर्नका लागि आयोजना गरिएको थियो । सम्बन्धित गाविसमा रहेका सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, संघ/संस्थाका प्रतिनिधिहरु, वडा नागरिक मञ्चका संयोजकहरु लगायतको सहभागिता रहेको कार्यक्रमको सहजीकरण मानवअधिकार रक्षक स्वयम्ले गरेका थिए ।




**उपलब्धीहरु :**

१. स्थानीय सरोकारवालाहरुलाई एक गाविस एक मानवअधिकार रक्षक अवधारणाबारे जानकारी प्राप्त भएको छ ।


२. स्थानीय तहमा मानवअधिकार रक्षकलाई काम गर्नका लागि सरोकारवालाहरुको तर्फबाट सल्लाह, सुझाव प्राप्त हुनुको साथै सहयोगको प्रतिबद्धता प्राप्त भएको छ ।

३. स्थानीयस्तरमा मानवअधिकार रक्षकहरुको पहिचान स्थापित भई गाउँस्तरमा हुने मानवअधिकार हनन्, उल्लंघन, ज्यादती र अपराधका घटनाहरु मानवअधिकार रक्षकहरुमार्फत् अभिलेखिकरण हुने र सम्बन्धित सरोकारवाला निकायहरुमा रिपोर्टिङ्ग हुने वातावरणको सिर्जना भएको छ ।

## ३.८. प्रकाशनहरु :

परियोजनाअन्तर्गतका क्रियाकलापहरुलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्नका लागि विभिन्न प्रकाशनहरु गर्ने काम सम्पन्न गरियो । जसलाई यसप्रकार उल्लेख गरिएको छ :

**३.८.१. मानवअधिकार रक्षकका लागि हाते पुस्तिका :** परियोजनाअन्तर्गत हाते पुस्तिकाको रुपमा नेपाल मानवअधिकार एलायन्सका तत्कालीन अध्यक्ष गणेश बि.के. द्वारा लिखित मानवअधिकार रक्षकका लागि सहयोगी पुस्तिका दुई हजार प्रति प्रकाशन गरियो । जसमा मानवअधिकार रक्षकहरुलाई प्रदान गरिएको तालिमको मानवअधिकार र मानवअधिकार रक्षकसम्बन्धि बिषयवस्तुहरुलाई सम्बोधन गरिएको छ । जसको मुख्य बिषयहरुमा मानवअधिकारको परिचय, अन्तर्राष्ट्रिय मानवीय कानून, मानवअधिकार रक्षक, मानवअधिकार संरक्षणका लागि विद्यमान संयन्त्रहरु र सहकार्य, मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र लगायत रहेका छन् ।




**३.८.२. सकारात्मक विभेदको अवधारणा :** परियोजनाअन्तर्गत लिफ्लेक्ट प्रकाशन गर्ने भनिएकोमा सबै बिषयवस्तु लिफ्लेक्टमा अटाउन कठिन भएकोले पुस्तककै आकारमा सकारात्मक विभेदको अवधारणा ***(Concept of Positive Discrimination)*** नाममा दुई हजार प्रति पुस्तक प्रकाशन गरियो । पुस्तकभित्र सकारात्मक विभेदको अवधारणा र नेपालमा यसको अभ्यास, मानवअधिकार र यसको विकासक्रम, महिला अधिकार र घरेलु हिंसा (कसूर र सजाय) ऐन-२०६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी-१६९ र आदिवासि जनजातिको अधिकार, जातीय भेदभावविरुद्धको अधिकार र कानूनी सवाल, बालअधिकारको सवाल, जेष्ठ नागरिकको सम्मान र सरोकारवालाको भूमिका, अपाङ्गता भएकाहरुको सवाल र राज्यको दायित्व लगातका बिषयवस्तुहरुलाई समेटिएको छ ।





**३.८.३. मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा आधारित फ्लेक्स :** स्थानीय गाविस तथा नगरपालिकाहरुमा राख्नका लागि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा समेटिएको ३० धाराबारे सबैमा जानकारी पुगोस् भन्ने उद्देश्यले फ्लेक्स प्रकाशन गरियो । उक्त फ्लेक्सको पुछारको भागमा सम्बन्धित गाविस तथा नगरपालिकाको नाम सहित परियोजनाको सहयोगी जर्मन विकास सहयोग अन्तर्गतको नागरिक शान्ति सेवा



कार्यक्रम (giz/zfd) तथा मानवअधिकार मञ्च (HURF) नेपाल इलामको नाम तथा लोगो समावेश गरिएको छ ।

**३.८.४. परियोजना सञ्चालन भएको जिल्लाको मानवअधिकारको अवस्था समेटिएको पुस्तक :** परियाजना सञ्चालन भएका जिल्लाहरु इलाम, पाँचथर र ताप्लेजुङ्गको मानवअधिकारको अवस्थालाई समेटेर एक हजार प्रति Human Rights Situation Book प्रकाशन गरियो । पुस्तकमा ३ वटै जिल्लाको जिखल्ला प्रहरी कार्यालयको चालु आर्थिक बर्षसहित विगत ३ बर्षदेखिको त्यस कार्यालयमा दर्ता भएका सबै घटनाहरुको तुलनात्मक संख्यात्मक विवरण (कार्यालय प्रमुखको टिप्पणीसहित), इन्सेक जिल्ला प्रतिनिधिको अभिलेखमा रहेको घटना विवरण र प्रत्येक जिल्लाबाट एक-एक जना मानवअधिकारकर्मीले तयार पारेको मानवअधिकारको अवस्थापत्रलाई समावेश गरिएको छ ।




**उपलब्धीहरु :**

१. परियोजना अन्तर्गत संस्थाको तर्फबाट महत्वपूर्ण चार वटा प्रकाशन भएको छ ।
२. मानवअधिकार रक्षकहरुका लागि हाते पुस्तिका र सकारात्मक विभेदको अवधारणाको प्रकाशनको माध्यमबाट मानवअधिकार रक्षकको काममा सहयोग पुगेको छ भने त्यसले समुदायमा समेत सचेतीकरण अभिबृद्धि गर्ने काम गरेको छ ।
३. गाविस तथा नगरपालिकाहरुमा राखिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा समेटिएको ३० धारालाई फ्लेक्समा राखिएबाट समुदायमा त्यसबारे सचेतीकरण अभिबृद्धि भएको छ ।
४. ३ जिल्लाको मानवअधिकारको अवस्था सार्वजनीक भएको छ ।

**३.९. एक दिवशीय मानवअधिकार रक्षक सम्मेलन :**

एक गाविस एक मावनअधिकार रक्षक परियोजनाअन्तर्गत एक दिवशीय मानवअधिकार रक्षकहरुको जिल्ला सम्मेलन ३ वटै जिल्लाहरुमा सम्पन्न भयो । उक्त जिल्लास्तरीय मानवअधिकार रक्षकहरुको सम्मेलनमा जिल्लाका सम्पूर्ण मानवअधिकार रक्षकहरुबाहेक जिल्लास्थित राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघ/संस्थाका प्रतिनिधिहरु, संचारकर्मी, अधिकारकर्मीहरु लगायतको सहभागिता रहेको थियो । साथै राष्ट्रिय मानवअधिकार आयोग पूर्वाञ्चल कार्यालयबाट कोषराज निरौला र अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, विराटनगरबाट सोमराज थापाको इलाम र पाँचथरमा भएका



रक्षकहरुको जिल्ला सम्मेलनहरुमा सहभागिता रहेको थियो । सम्मेलनले ३ वटै जिल्लाहरुमा मानवअधिकार रक्षकहरुको १० बुँदे घोषणापत्र जारी गरेको छ, जसलाई अनुसूचीमा राखिएको छ ।

उक्त कार्यक्रमको उपस्थितिलाई जातिगत विविधताको रुपमा यसप्रकार उल्लेख गरिएको छ :

| जिल्ला | मानवअधिकार रक्षक | | | दलित | | | आदिवासि, जनजाति | | | क्षेत्री, ब्राह्मण लगायत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा |
| इलाम | ६५ | १९ | ८४ | ८ | ३ | ११ | २२ | ९ | ३१ | ३५ | ७ | ४२ |
| पाँचथर | ६० | २३ | ८३ | ० | ० | ० | २५ | ९ | ३४ | ३५ | १४ | ४९ |
| ताप्लेजुङ्ग | ४५ | २५ | ६९ | ८ | १ | ९ | १४ | १७ | ३१ | २३ | ६ | २९ |
| **जम्मा** | **१७०** | **६६** | **२३६** | **१६** | **४** | **२०** | **६१** | **३५** | **९६** | **९३** | **२७** | **१२०** |

*सम्मेलनकै सन्दर्भमा मानवअधिकार रक्षकहरुलाई पहिचान खुल्नेगरीको ज्याकेट र परिचयपत्र प्रदान गरिएको थियो ।*

**उपलब्धीहरु :**

१. मानवअधिकार रक्षकहरुको जिल्ला सम्मेलनमा उपस्थित जिल्लास्थित सम्पूर्ण सरोकारवालाहरुलाई एक गाविस, एक मानवअधिकार रक्षक अभियानबारे जानकारी प्राप्त भएको छ ।
२. मानवअधिकार रक्षकहरुलाई कार्यक्षेत्रमा प्रभावकारी रुपमा कार्यसम्पादन गर्नका लागि आवश्यक सल्लाह, सुझाव एवम् मार्गनिर्देश प्राप्त भएको छ ।

### ३.१०. पत्रकारहरुलाई फेलोसिप :

परियोजना सञ्चालन भएका जिल्लाहरुमा रहेर संचारकर्मीको रुपमा कार्यरतहरुलाई समाचार तथा सन्देशहरुको लेखन, प्रकाशन एवम् प्रशारणमा मानवअधिकारका बिषयवस्तुहरुलाई प्राथमिकतामा राख्नका लागि प्रेरित गर्नेगरी ३ जिल्लाका निम्न ४ जना पत्रकारहरुलाई फेलोसिप प्रदान गरियो । फेलोसिप प्राप्त गर्ने पत्रकारहरुको नामावली यसप्रकार छ :

| **क.सं.** | **नाम, थर** | **जिल्ला** | **माबाईल नम्बर** |
|---|---|---|---|
| १. | खेम भुजेल | इलाम | ९८४४६१४०४६ |
| २. | खगेन्द्र अधिकारी | ताप्लेजुङ्ग | ९८४२६६०७०२ |
| ३. | गिरीराज बाँस्कोटा | पाँचथर | ९८४२७७२८४५ |
| ४. | लक्ष्मी गौतम | पाँचथर | ९७५२६०७२११ |

उल्लेखित पत्रकारहरुले मानवअधिकारकै सवालमा तयार पारेको बिषयवस्तुलाई अनुसूचीमा समावेश गरिएको छ ।

**उपलब्धीहरु :**

१. परियोजना सञ्चालन हुने जिल्लाका सञ्चार माध्यमहरुलाई मानवअधिकारको आधारभूत मूल्य र मान्यतामा आधारित रिपोर्टिङ्ग एवम् प्रकाशन-प्रशारणमा प्राथमिकता दिने कामको थालनी भएको छ ।

### ३.११. अनुगमन तथा मूल्याङ्कन :

एक गाविस एक मानवअधिकार रक्षक परियोजना सञ्चालन भएको ३ वटै जिल्लामा भएको सम्पूर्ण क्रियाकलापहरुको नियमित रुपमा परियोजनाको कार्यक्रम संयोजक भक्त थामीले अनुगमन तथा मूल्याङ्कन गर्नुभयो । यसैगरी परियोजनाको तेस्रो स्वतन्त्र मूल्याङ्कनको रुपमा मानव विकास तथा अनुसन्धान केन्द्रका दिलप्रसाद मगरको नेतृत्वमा मूल्याङ्कन गरियो ।

**उपलब्धीहरु :**

१. परियोजनाको क्रममा सम्पादन गरिएका क्रियाकलापहरुको प्रभाव मूल्याङ्कन भएको छ । साथै आगामी दिनमा क्रियाकलापहरुलाई दिगो एवम् प्रभावकारी बनाउनका लागि मार्गनिर्देश प्राप्त भएको छ ।

## ४. परियोजनाको प्रभावहरू:

- परियोजना सञ्चालन भएका ३ वटै जिल्लाका सबै गाविस तथा नगरपालिकाहरुमा तालिम प्राप्त मानवअधिकार रक्षक तयार भएको अवस्था छ ।
- गाविस तथा नगरपालिका तहमा हुने मानवअधिकार हनन्, उल्लंघन, ज्यादती र अपराधका घटनाहरुको स्थानीयस्तरमै अभिलेखिकरण हुनुको साथै अभिलेख भएका घटनाहरु सम्बन्धित सरोकारावाला निकायहरुमा मानवअधिकार रक्षकहरुको माध्यमबाट रिपोर्टिङ्ग हुने कामको थालनी भएको छ ।
- स्थानीयस्तरमा मानवअधिकारका विभिन्न पक्षसँग सम्बन्धित रहेर गरिने क्रियाकलापहरुमा मानवअधिकार रक्षकहरुको प्रभावकारी उपस्थितिको अभ्यास शुरु भएको छ ।
- परियोजनालाई दिगो र प्रभावकारी बनाउनका लागि सम्बन्धित सरोकारवालाहरुको सुझाव निरन्तर प्राप्त भएको छ ।
- सञ्चार माध्यमहरुमा प्रकाशन, प्रशारण गरिने सामाग्रीहरुमा मानवअधिकारका आधारभूत मूल्य, मान्यतालाई थप आत्मसाथ गर्दै प्रकाशन, प्रशारण गर्ने अभ्यास निरन्तर भइरहेको छ ।
- समुदायस्तरमा मावनअधिकार रक्षकको पहिचान स्थापित भएको छ ।

## ५. सिकाइ:

- एक गाविस एक मानवअधिकार रक्षक अभियान देशैभर अपरिहार्य रहेछ भन्ने सिकाई भएको छ । त्यसमा पनि राज्यको निकाय राष्ट्रिय मानवअधिकार आयोगले यो अभियानको अगुवाई गर्दा प्रभावकारी हुन्छ भन्ने सवाल स्थानीयस्तरबाट उठेको छ ।
- स्थानीयस्तरका घटनाहरुको प्रभावकारी अभिलेखिकरण एवम् रिपोर्टिङ्गका लागि मानवअधिकार रक्षकहरुलाई स्रोत, साधन सम्पन्न बनाउनु आवश्यक हुँदोरहेछ ।
- जिल्लाभरका मानवअधिकार रक्षकहरुको समूहलाई औपचारिक सञ्जालको रुपमा विकास गर्नु आवश्यकीय हुँदोरहेछ ।
- परियोजना अन्तर्गत तयार भएका सम्पूर्ण मानवअधिकार रक्षकहरुलाई आवधिक रुपमा पुनर्ताजगी तालिमहरुको आवश्कय पर्दछ ।

## ६. लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको क्षेत्रमा परियोजना:

लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणको सवाल परियोजनाको Cross Cutting Issue को रुपमा रहेको थियो । परियोजना सञ्चालनको अवधिमा यस सम्बन्धमा महत्वपूर्ण उपलब्धी हासिल भएको अवस्था छ ।



परियोजनाको सबै क्रियाकलापहरु सञ्चालन गर्ने सन्दर्भमा सबै जाति, भाषा, धर्म, संस्कृति, क्षेत्रका मानिसहरुको सहभागितालाई जोड दिइएको थियो । लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको सवाललाई परियोजनाको कर्मचारी छनौट गर्दादेखि नै सम्बोधन गरिएको अवस्था छ ।

यसमा मानवअधिकार रक्षकहरुको छनौट गर्दादेखिकै अवस्थालाई लिन सकिन्छ । ३ जिल्लाको जम्मा एक सय ४५ मानवअधिकार रक्षकहरुमध्ये ५१ जना महिलाहरुको सहभागिता रहेको थियो । यस्तै दलित १६, आदिवासि जनजातिहरु ७४ र क्षेत्री, ब्राह्मण लगायतको संख्या ५५ रहेको छ ।सबै क्रियाकलापहरुमा करिब यसै विविधता रहेको छ ।

परियोजना सञ्चालनको क्रममा भएको ज्ञान, सीप र क्षमताको अभिबृद्धिले गर्दा आफ्नो हक, हित र अधिकारबारे सुसूचित हुन सहभागिहरुलाई मद्दत मिलेको छ । यसर्थ परियोजनाले लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणको सवालमा Cross Cutting Issue को रुपमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।



**Yograj Sapkota**
HURF, PM&E Officer

# Summary of the Report

Human Rights Forum Nepal (HURF Nepal), established in 1998 is one of the leading NGOs in Eastern Nepal. HURF is the first NGO working in the field of human rights in Ilam district. HURF Nepal envisions civilized and prosperous society. Rights and Human Rights, gender and social inclusion, conflict peace & Justice, democracy and governance, and research and publication are the major thematic areas of HURF Nepal. HURF Nepal is the founder member of Eastern Network against Domestic violence. HURF Nepal conducts regular human rights monitoring, documentation, human rights education, awareness on human rights, child right, women right, campaign against domestic violence, advocacy for the protection and promotion of human rights since its establishment. women, girls, widows, children, indigenous, senior citizen, person with disabilities, poor, vulnerable, conflict and violence affected, dalit, ethnic minorities are the target groups of HURF Nepal. HURF Nepal provides rescue, emergency shelter and legal and psychosocial support to the person in needs especially violence affected women and children.

**Youth Defenders' Network For Human Rights Project :**

HURF Nepal with support of GIZ-ZFD conducted this training project to develop Human Rights Defenders in 3 districts namely Ilam, Panchthar and Taplejung in Mechi zone. The project was conducted for 6 months (October, 2014- March, 2015) which developed 145 VDC/Municipality level defenders. The project was a part of One VDC One Defender Campaign.

**Goal:**

To contribute to promote human rights in Eastern Nepal

**Outcomes:**

- Culture of systematic human rights monitoring and documentation is developed in VDC level.
- Informed communities about human rights in 3 districts.
- Human rights is better respected and protected by local administration and political parties.
- 3 networks of human rights defenders are working for protection and promotion of human rights.
- Media in 3 districts prioritize the human rights based reporting.

**Implemented Measures of the Project**

The project had 3 staff (Project Coordinator, Field Officer and Finance Officer). The project was locally coordinated by HUCODEC Panchthar and ECDF Taplejung which are the partner organizations of HURF Nepal. Likewise, the project made coordination with VDCs and resource groups of HURF Nepal.

Coordination meetings with district VDC secretaries and district level stakeholders were organized to inform about the project and trace a way for the effective implementation of the project in the initial stage. The meeting remained fruitful for collecting feedback too.

After the coordination meeting Human Rights Defenders from VDC level were selected and nominated. 1 defender from each VDC were selected and 3 to 8 defenders were selected in case of municipalities based on their area. 145 defenders (94 male and 51 female) were trained. GESI was considered during selection.

The defenders were trained with 5 days residential training. It was the basic training. Human rights, rights, concept, development and dynamics of human rights, positive discrimination, human rights based development approach, women rights, child rights, Act against domestic violence, national and international laws, Untouchability act, human rights defender, role and responsibilities of HR defender were the content of the training.

2 days residential Human rights based reporting and documentation training was provided to the trained HR Defenders as well. Concept of conflict, peace, violence, rights of HR defender, possible risk, threats and safty, reporting and documentation of human rights violation were the content of the training.

The trained defenders organized one day awareness for the stakeholders in VDC level. local political leaders, CBOs leaders, representatives of line agencies, representatives of women and ethnic groups participated the awareness. The awareness program was organized with coordination of the respective VDCs/ Municipality.

One day orientation on 'issues of human rights in local level' for the journalists was organized in each district. Journalists and reporters from national and local media participated in the orientation in all districts. 2 journalists were provided fellowship to carry out the local human rights issues in media from each district as well.

Booklets (Hand Book for HR defenders – 2000 pieces & Concept of Positive discrimination – 2000 pieces) and flex banner of 30 articles of HR declaration were published and disseminated. The booklet can be used as resource materials and awareness materials. The Flex banners were erected in VDC offices. The

booklets were provided to the Defenders and the stakeholders. The defenders were provided their ID card and Human Rights Defender's Jacket as well to make them recognize.

Likewise, Human Rights Situation report of the 3 districts was prepared and published. The report contains recorded cases of last 3 years and this fiscal year by the police, cases report by INSEC representatives, defenders, and analytical human rights situation prepared by human rights activists in the 3 districts.

One day district level 'Human Rights Defenders Conference' was organized in each district to introduce the defenders to the district level stakeholders. The defenders were accepted by the district level stakeholders as their own property and they expressed their commitment for their institutionalization.

The trained defenders were mobilized in their VDCs. The project was regularly monitored by HURF Nepal, coordinating partners and the funding partner. Likewise, an external independent evaluation was carried out from the expert.

The project could develop and mobilize trained defenders in all VDCs and Municipalities in 3 districts. They are the key informant for the district level stakeholders and all concern stakeholders for their VDCs. Regular monitoring and documentation of human rights violation has been started in VDC level. All the VDCs have trained human rights defenders for awareness and in case of human rights violation. Resource and reference materials were published as booklet which is useful for many people. The project could contribute in the sector of gender and social inclusion through participation, capacity building, and mobilization. Likewise, the defenders are prepared for the victims advocacy, documentation and they work for the rights of the target groups thus the project could develop the trained resource person for the target groups.

Finally the project could bring a lot of outputs and even outcomes. Though the project was conducted for very short period (6 month) but it could develop a long term manpower in the all communities of the 3 districts.

## Major Findings of the HR Defender Program



**Dil Kumar Magar, Expert/External Evaluator**

Major findings of the evaluation of HR Defender program are as follows:

- This program prepared total 145 trained HR defenders in three districts (Taplejung, Panchthar and Ilam) of eastern Nepal. Out of them, percentages of women, *Adibasi/Janajati*, so-called *Dalit* and *Bahun/Chhetri* are 35.17 %, 51.03 %, 11.03 % and 37.94 % respectively.
- The program helped to built up capacity of the HR defenders who are community youths and almost of them got first time this opportunity to learn and act with responsibility for human rights.
- Due to training, all HR defenders have realized to materialize the lesson learnt from the training in their practical life. They are also committed to act for protection and promotion of human rights.
- Long-term continuation of HR defenders in the field of human rights sector especially to act in their own VDC is questionable because most of them are students and unemployed youths. So that they can discontinue this volunteer work if they are migrated for employment, further study or other opportunities.
- Youth empowerment, raising community awareness on human rights, promotion of human rights based reporting in media, support in development of culture of systematic HR monitoring and documentation are some major outcomes of the program.
- Promoted social inclusion and community participation for human rights of the community people especially marginalized groups and communities.
- Now, there is presence of one HR defender in each VDC/municipality of the program districts.
- Formed district networks of HR defenders in the program districts for coordination, cooperation and learning sharing among them. It is a foundation for institutionalization of human rights protection and promotion at local level.
- HR defenders can be considered and used as a common resource by the human rights institutions/organizations and state bodies.
- Relationship between human rights organizations, human rights organizations and stakeholders is becoming more positive, supportive and closer.

- Build up relationship between HR defenders and human rights institutions / organizations, financial support and commitment of the VDCs/municipalities, commitment of the district level stakeholders including political parties for support, and recognition/legitimacy of defenders and their reporting/documentation from the human rights commission and national alliance for human rights are some seen foundations for sustainability of the program.
- Journalists who received fellowship from the program are committed to practice human rights-based reporting or disseminating cases/incidences of human rights violation through the media where they involve.
- Existence of conflict issues (e.g. Limbuwan, right to self-determination as per ILO-169 etc. in case of eastern Nepal), impunity, political protection to the criminal cases, weak implementation of the existing laws, lack of community awareness, limited knowledge, skills and experience of the defenders, budget/ resources constraints of VDCs/municipalities are some major challenges for HR defenders to work in the field of human rights actively and effectively.
- 'One HR defender for each VDC/municipality' in 3 program districts is considered as great achievement in the field of human rights particularly in eastern Nepal but it is not sufficient number to work for reporting, documentation and monitoring, and protection and promotion of human rights in the rural community.
- Refresher training, follow up and back support for the HR defenders; orientation and sensitization programs for the local stakeholders, and community awareness raising activities are missing components in the program that were necessary for ensuring broader impacts of the program (i.e. protection and promotion of human rights).
- Sustainability of the district networks of the HR defenders is questionable is questionable due to lack of resource, clear plan and guidelines.
- It was learned that success, effectiveness and sustainability of the program depend on the necessity and active participation of the beneficiaries and stakeholders, practical program implementation strategies.
- About 2 decade's work experience of HURF, its learning, expertise and entire team (executive board, management and senior staffs too) as well as resource persons of human rights sector played significant role for effective management of the program.

- This program is contributing directly and indirectly to achieve the objective of the national human rights commission, objective related to human rights sector of the existing thirteenth plan 2013/14-2015/16, LSGA 1999 and Good Governance act 2008.
- This program is also contributing to achieve HURF's organizational goal defined for the existing strategic plan 2014-2018.
- HURF's policy, practice, capacity, experiences and learning played significant role to implement this program effectively and successfully.

It is concluded that HR Defender program is successful in terms of effectiveness, efficiency, necessity, sustainability and participation of the beneficiaries and the stakeholders. Behinds this, an effective role of the implementing organization, beneficiaries and coordination partner organization and concerned stakeholders of the program districts is also crucial. This program is supportive for achieving objectives of ensuring human rights of the people of Nepal that expressed in interim constitution, laws, the GoN's existing thirteenth plan 2013/14-2015/16 etc. The concept of the program [one HR defender in one VDC/municipality] is very relevant to prepare a foundation in the bottom for respecting, protection and promotion of human rights in the community level. However, the program emphasized to produce HR defenders but human rights education, community awareness, sensitization of stakeholders and sustaining and strengthening of district networks are missing that are equally important and complementary part of this program to bring impact in the community level. At present context, there is necessity to extend and expand this program in these districts as well as other districts by incorporating these missing components.

(Source : *External Evaluation of HR Defender Program of HURF Ilam| held in March 2015)*

# अनुसूची-१ : पत्रपत्रिकाहरु :

४ इलाम पोष्ट दैनिक
❖वर्ष ५ ❖अंक ७४ ❖२०७१ चैत १ गते आइत

छोटकरी समाचार

## अधिकार रक्षकलाई तालिम

इलाम, फागुन ३० (इपोस)-इलामको सुम्बेकमा एक दिने मानवअधिकार रक्षक तालिम शुक्रबार सम्पन्न भएको छ।

सुम्बेक गाविसका सचिव डिल्लीराम घिमिरेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधि, मानवअधिकार तथा मेलमिलाप समिति पदाधिकारी, विभिन्न संघसस्थाका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, स्थानीय बुद्धिजीवि गरी ३० जनाको सहभागिता थियो।

मानवअधिकारको सवाल, स्थानीय तहमा हुने घटनाहरु, मानवअधिकार रक्षकका काम, कर्तव्य र अधिकारहरुका विषयमा स्थानीय मानवअधिकारकर्मी विष्णु गडुतौलाले सहजीकरण गरेका थिए। कार्यक्रमका सहभागीहरुले स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको अवस्थामा एक गाउँ, एक मानवअधिकार रक्षकको अवधारणले स्थानीय निकायका काम कार्वाहीहरुलाई सहज रुपमा अघि बढाउन सहयोग पुगेको बताएका थिए।

कञ्चनजंघा टाइम्स
मंगलबार १० चैत २०७१ Tuesday 25 March 2015

समाचार

## ९ बुँदे घोषणापत्र जारी गर्दै मानवअधिकार रक्षकहरुको भेला सम्पन्न




कार्यक्रममा आफ्नो धारणा राख्दै प्रमुख जिल्ला अधिकारी प्रदीपराज कार्णेल ।

२०७१ साल फागुन ३० गते शनिबार

सङ्क्षेप...

## मानब अधिकार सम्बन्धि छलफल

इलाम, २९ फागुन (सस): मानव अधिकार मञ्च इलामको आयोजनामा हरेक गा वि स मा हुने मानव अधिकारको घटना उलगन र त्यसको अनुगमन गर्ने उद्देश्यको साथ एक गा. बि स एक मानव अधिकार रक्षक रहने गरि मानव अधिकार रक्षकको ब्यवस्थापन गरि पछि आज जिर्मलेमा पहिलो पटक मानब अधिकारको अवस्था, समुदायको जिम्मेबारी र अभिलेखीकरण संबन्धमा अन्तरक्रिया र छलफल कार्यक्रम सपन्न भयो। जिर्मलेका गा.बि.स सचिब मोहन आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा राजनैतिक दलका प्रतिनिधिहरु, शिक्षक, नागरिक बडा मञ्चका संयोजकहरु, स्वास्थ्य स्वयंसेवबिकाहरु लगायतको सहभागिता रहेको थियो मानब अधिकार मञ्च इलाम ,को सहयोग र गा बि सको ब्यवस्थापनमा भएको कार्यक्रममा जिर्मले मानबअधिकार रक्षक गोबिन्द पौडेलले सहजिकरण गर्नु भएको थियो।

२०७१ साल चैत्र ९ गते सोमबार


सङ्क्षेप...

## मानव अधिकार रक्षकको जिल्ला भेला सम्पन्न

इलाम, ८ चैत (सस): मानव अधिकार मञ्च इलामको आयोजनामा इलामका सबै गाविसहरुमा हुने गरेका मानव अधिकारको घटना विवरण संकलन र पीडितका आवाज सम्बन्धित निकायसम्म पुर्याइ न्याय दिलाएर कानुनी राज्यको अवधारणा र लोकतान्त्रिक शासनको प्रत्याभूति गराइ दिगो शान्ति कायम गराउने उद्देश्यले एक गाविस एक मानव अधिकार रक्षक उत्पादन गरि रक्षकहरुको प्रथम जिल्ला भेला आज इलाममा सम्पन्न भयो। पुनरावेदन अदालत इलामका न्यायाधीस रमेश पोखरेलको प्रमुख आतिथ्यता, राष्ट्रिय मानव अधिकार आयोग पूर्वाञ्चलका प्रमुख गोपराज ग्यौमाने र इलामका प्रमुख सोमराज थापाको विशेष आतिथ्यमा भएको कार्यक्रममा इलामका सबै राजनितिक दलहरु, आदिवासी जनजाती महासंघ, गैर सरकारी संस्था, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, सहयोगी संस्था मानव अधिकार तथा शान्ति समाज प्याग इलामका प्रतिनिधि एवम् सबै मानव अधिकार रक्षकहरुको उपस्थिती रहेको थियो। मानव अधिकार मञ्च इलामका अध्यक्ष मोहनसिंह थेबेको अध्यक्षतामा भएको कार्यक्रममा मानव अधिकार रक्षकको नौ बुँदे घोषणा पत्र इलाम सकेत पारित गरिइएको छ।

## अनुसूची-२ : मानवअधिकार रक्षकहरूको संक्षिप्त विवरण :

### इलाम जिल्लाका मानवअधिकार रक्षकहरू :



कौशिला खिम्दुङ् राई
इलाम नगरपालिका
९८४२६३६०३२



रञ्जना लाम्गादे
इलाम नगरपालिका
९८१५०४४२५१




मिलन खत्री
इलाम नगरपालिका
९८६८२१४५५५



कमल दियाली
माबु
९८४४६१६४५४



कुमार गुरुङ
जमुना
९८४२७२७०४५



रामकुमार राई
नयाँबजार
९८४२६२६९७१



भीमा राई
नामसालिङ
९८४२७२७८००



अभिषेक राई
माईपोखरी
९८१५९३७८५५



टिकाराम बराईली
चमैता
९८०६०७४१५८



मैना बस्नेत
चमैता
९८४२७२८९१९



बिष्णु गइतौला
सुम्बेक
९८४२६४६३६२



तुलसा खवास
सुलुबुङ
९८१४९७८४९८



सीता रिजाल
बरबोटे
९८४२७२९३८४



टीकादेवी श्रेष्ठ
शान्तिडाँडा
९८४२७२५२३५



किशोरा न्यौपाने
शान्तिपुर
९८१४०१२३४१



मनकुमार सुब्बा
फाकफोक
९८१७९४५३०७

## इलाम जिल्लाका मानवअधिकार रक्षकहरू :



भीम शंकर
सारवेजुङ्
९८१७०९५९८६३



प्रकाशचन्द्र राई
पुवामझुवा
९८१४९७७६९२



नरेन्द्र देउसाली राई
प्याङ्
९८१७०२२५२१



कमल तिमल्सिना
सोयाङ्
९८४४६१६४५४



चित्रबहादुर थामी
जोगमाई
९८४२७२४११३



रनकुमारी येक्तेन
सिद्धिथुम्का
९८४२७२२८०४



धनबहादुर तामाङ्
सोयाक
९८४२६९८१३६



रुद्रबहादुर मगर
महमाई
९८१८११६८१५



ओमनाथ बिष्ट
चुलाचुली
९८४९८८००८४



शुसिला कार्की
महमाई
९७४२६८०२३६



कृष्णमायाँ फियाक
बाँझो
९७४२६३६५४६



चन्द्रकला वर्देवा
एकतप्पा
९८१८०२४१७१



लक्ष्मण घतानी
आमचोक
९८५२६८१८६२



सुनिल खनाल
फुएतप्पा
९८४२११८२६२



टिकाराम अधिकारी
देऊमाई नगरपालिका
९८१५०४६०५२



चन्द्रमणी भट्टराई
देऊमाई नगरपालिका
९८०६०४५४३१

## इलाम जिल्लाका मानवअधिकार रक्षकहरु :


दिपक घिमिरे
लुम्दे
९८४२७७७२५१


दिलकुमारी लिम्बु
गजुरमुखी
९८४२७२८१७६


राम योङ्हाङ
इभाङ
९७५२६०५५६६


प्रकाश दाहाल
जीतपुर
९८४२६४५८१९


अमरबहादुर तामाङ
साङ्रुम्बा
९८४२७३८५०५


ज्ञानीराम आचार्य
समालबुङ
९८१६९७२७००


युवराज अर्याल
श्रीअन्तु
९८४१४१८७८९


मणी गुरुङ
सूर्योदय न.पा.
९८४२०६५१२९


मिलन राई
सूर्योदय न.पा.
९८४२६६०६४३


सफलता राई
सूर्योदय न.पा.
९८४४६८३२८९


टिकाराम गिरी
सूर्योदय न.पा.
९८४१५८७८६७


ददिराम ढुङ्गेल
लक्ष्मीपुर
९८६०४५६५४१


गोविन्द पौडेल
जिर्मले
९७४२६१५७५४


रुपा राई
चिसापानी
९८४२७२४२९८


खेमकुमारी भुजेल
कोल्बुङ
९८४२७५५३३५


सुबास लोहार
पशुपतिनगर
९८१६०५०२१८

## इलाम जिल्लाका मानवअधिकार रक्षकहरू :



धनमायाँ रिजाल
दानाबारी
९८१७०९१६६८४



उदय वि.क.
गोदक
९८१७०९५०३६६



लेखनाथ सापकोटा
गोर्खे
९८०६०७१०१४




युवराज राई
जिर्मले
९७४२६०२३३१

## पाँचथर जिल्लाका मानवअधिकार रक्षकहरू :



विचारसिंह लावती
पौपासारताप
९८४२७१४८३८



बिमला राई
रानीटार
९८१७०११११४६



गोमा योङ्हाङ
नागी
९७४२६३१२६१



हर्क राई
मेमेङ्
९८४२७२२७०५



इश्वरा बजगाईं
फिदिम नगरपालिका
९८४२६६४९७४



नबीन हाङ्सुरुम्बा
याङ्नाम
९८१६९३७४४५



नबीन सुहाङ्
सुभाङ
९८१४९९१५९४



पुजा लावती
आरुबोटे
९८१७००७२४६



पूर्ण परिचित जबेगु
प्राङ्बुङ
९८१५९१७३३७



पुष्पलाल कोइराला
थर्पू
९७४२६६२८२५



प्यारकला राई
रबि
९८१६९९९१८८



रेवन्तबहादुर निरौला
दुर्दिम्बा
९८४२२९४८०२

## पाँचथर जिल्लाका मानवअधिकार रक्षकहरू :


शुसिला निरौला
लुम्फाबुङ्
९८०६०२०७६८


सुजा लावती (राई)
कुरुम्बा
९८१६०८६८६७


सुमन सारु मगर
सिवा
९८४२७२३३७८


सुरेन्द्र केरुङ्
सिदिन
९८१५०४४५४४


सुरेन्द्र प्र. लामिछाने
फाक्तेप
९८६२६६४५०८


सूर्यमान बेघा
च्याङ्थापु
९८५२६८१७९०


उदयबहादुर साउदेन
ओयाम
९८६२६५३१२५


युवराज योङ्हाङ
लक्ष्मीपुर
९७४२६५६३३७


अर्जुनराज आचार्य
नाङ्गीन
९८६२६००६८८


भिम तुम्बापो
चोकमागु
९८४२६७००८०


चक्रबहादुर बस्नेत
माङ्जाबुङ
९८४२३८७२३०


गोपाल फियाक
वल्ने
९८०४९३७६५१


इन्द्रकला लावती
मौवा
९८१४३१४९७९


इन्द्रकुमार खतिवडा
एक्तिन
९८१४९३४६९०


कविन्द्र तामाङ्
लिम्बा
९८४२४३३८९०


मेलिना चौहान
अमरपुर
९८४४६२६७३०

## पाँचथर जिल्लाका मानवअधिकार रक्षकहरू :



मिराकहाङ नेम्बाङ
इम्बुङ
९८१६०६४४४९



नामसाङ शेर्मा
सराङडाँडा
९८०४९६७५९१



नारायण प्र. तिम्सिना
नवमीडाँडा
९८१४०२४४८४



निशा सापकोटा
यासोक
९८१९०८१५४२



फडेन्द्र पौडेल
आङसराङ
९८४४६९३९२८



राकेश नेम्बाङ
चिलिङदिन
९८४४६६४५०१



रीता निरौला
स्याबरुम्बा
९८४२७९४२७२



श्रीप्रसाद माङ्युङ
पञ्चमी
९८४४६३१२३१



रोजिता नेम्बाङ
लुङरुपा
९८१७९१५४३०



रुपेश खनाल
रानीगाउँ
९८४२६६६६९६



सहरसिंह तामाङ
आङ्ना
९८४२६६३२४२



तेजकुमार राई
फलैंचा
९७४२६३८२१२



यसोदा पाण्डे
हाङगुम
९८०४९६९०२८

## ताप्लेजुङ जिल्लाका मानवअधिकार रक्षकहरू :



निताकुमारी सिवा
ताप्लेजुङ न.पा.
९८४२६६०३४९



रेखा गुरुङ
ताप्लेजुङ न.पा.
९८४२७९२१९४



प्रेम बराईली
ताप्लेजुङ न.पा.
९८४२७७०९४८



सन्तोष बराईली
ताप्लेजुङ न.पा.
९८४२६५५९९२

## ताप्लेजुङ जिल्लाका मानवअधिकार रक्षकहरु :



राजु गुरागाईं
ताप्लेजुङ न.पा.
९८४२७४३९१६



हर्कमायाँ लिम्बु
ताप्लेजुङ न.पा.
९८४२७४७४८८



दाडोमा शेर्पा
ताप्लेजुङ न.पा.
९८४२७१०२८८



लोकमणी चोङ्बाङ
सागु
९८६२६२९६५३



कमल विश्वकर्मा
लिम्खिम
९८४३१७५६२९



तेजकुमार बराईली
लिम्खिम
९८४२७९८५३३



हिन्डुक्पा शेर्पा
पापुङ
९८४४६६८६९५



शारदा कार्की
लिङ्तेप
९८४२७६४२२०



दिलु लिम्बु
थिङ्लाबु
९७४२६३६१२२



चन्द्रकला न्यौपाने
फुलबारी
९८४४६४४००२



सुनिता राई
सिनाम
९८४४६५४३६४



संगीता शेर्पा
थुकिमा
९८४४६१९९२५



नबिना मादेन
हाङ्देवा
९८६२६५८३५५



सुनिता लिम्बु
लिवाङ
९८४२६९०७९०



बाबुराम बेघा
कालिखोला
९८४४६३३७००



सोभितमान शंकर
आम्बेगुदिन
९७४२६५८२११

## ताप्लेजुङ जिल्लाका मानवअधिकार रक्षकहरू :



गोमा भट्टराई
फुरुम्बु
९८६२६५४२२२



अमृता थलङ
सांवा
९८४४६८४५४५



भक्तराज घिमिरे
सिकैंचा
९८४४६३४९९३



गंगा पौडेल
खाम्लुङ्
९८४२६६०९२९



सीता गुरागाईं
चाक्सिबोटे
९८४४६३३३४५



नन्दकुमार बानियाँ
मेहेले
९८४२७९२५१९



नगेन्द्र सिटौला
निगुरादिन
९७४२६४५२११



नबीन लिम्बु
सावादिन
९८४४६१८४९४



अम्बरबहादुर लिम्बु
लिम्बुदिन
९८१५९५८२११



देउकुमार राई
सादेवा
९८४२७९२७८५



प्रविन न्यौपाने
आङ्खोप
९८१४००८०९६



निकेश भण्डारी
पेदाङ्
९८१६९६१५२१



मनुका इम्बुङ्
सिरुक्खिम
९८१७०३१४६६



भीममायाँ इम्बुङ्
खेबाङ्
९७४२६८०९८९



टिकामायाँ लिम्बु
मामांखे
९८४३३२३८४६



हिमलता लिम्बु
लेलेप
९८४४६३२५२३

## ताप्लेजुङ जिल्लाका मानवअधिकार रक्षकहरु :


दर्शन लिम्बु
तापोथोक
९८६२६३६१२१


प्रकाश लिम्बु
ईखाबु
९८४२७४२३७४


प्रदिप पौडेल
खेजेनिम
९८४२७४३७५२


भिमप्रसाद न्यौपाने
खोक्लिङ
९७४२६४४५४२


टेकेन्द्र रिजाल
थुम्बेदिन
९८४४६६८०७९


सूर्य बराईली
नाल्बु
९७४२६४५३२८


गोपाल बिष्ट
फावाखोला
९८४२७६९२५४


कुमारी गुरुङ
नाङखोल्याङ
९८४२७४२०५९


टेकनाथ बराल
थेचम्बु
९८४४६५४०३३


प्रकाश डाँगी
तिरिङ्गे
९८४४६९००७८


गोपाल कार्कीडोली
चाग़े
९७४२६५४९७८


सकुन्तला लिम्बु
ढुङ्गेसाँघु
९८४२६५२०४४


मुना बराल
सान्थाक्रा
९८४२७४७४२१


कृष्णकुमारी लिम्बु
फाकुम्बा
९८४२६८९६५९


गौरब कु. पन्धाक
साब्लाखु
९८६२६३१७८०


केदार पौडेल
हाङदेवा
९८४४६५४०३०


नरेन्द्र अधिकारी
हाङगपाङ
९७४२६२९०५६

# अनुसूची-३ : फेलोसिपअन्तर्गतका सामाग्रीहरु :

## नागरिकता नै धितो



लक्ष्मी गौतम, सञ्चारकर्मी
पाँचथर

द्वन्द्वका समयमा राज्य र तत्कालीन विद्रोही पक्षका कारण विभिन्न गाउँबाट विस्थापित भएका पीडितहरुले जिल्ला विकास समितिको कार्यालय पाँचथरमा धितो राखेको नागरिकता एक दशक बितिसक्दा पनि उकास्न सकेका छैनन । यसरी धितो बन्धक गरिएकामा प्रेमराजसहित ७३ जना छन् । उनीहरुले २०६१ सालमा नागरिकता धितो राखि जिल्ला विकास समिति, पाँचथरबाट जनही १५ हजार रुपैंयाका दरले ऋण लिएका थिए ।

जिल्लाका ७३ जना पीडितले जिल्ला विकास समिति पाँचथरमा आ-आफ्नो नागरिकता धितो राखी तत्कालीन सरकारले ल्याएको द्वन्द समाधान र अग्रगमन कार्यक्रममार्फत १५ हजार रुपैंयाँका दरले ऋण लिएका थिए । एकातिर १० बर्ष उक्त ऋण तिर्न नसक्दा नागरिकता पनि जिल्ला विकास समिति पाँचथरमा धितोकै रुपमा आजसम्म बन्धक छ । अर्कातिर १५ हजार रुपैंयाँका दरले लिएको ऋण साँवा, ब्याज गरी हालसम्म प्रतिव्यक्ति ५० हजार रुपैया पुगेको स्थानीय विकास अधिकारी तुलसीबहादुर श्रेष्ठ बताउँछन् । ऋण लिएमध्ये थर्पु गाविस वडा नं. ३ का मित्र कोइराला र एकतिन गाविस वडा नं. ५ का धनबहादुर माबोको मृत्यु भइसकेकको छ भने थुप्रै पीडितहरु पाँचथरबाट झापा, मोरङ र काठमाण्डौंसम्म स्थानान्तरण भएका छन् । प्रतिलिपि समेत निकाल्न नपाउने गरी सक्कलै नागरिकता धितो राखिएकाले बैंकिङ कारोबार, घरजग्गा किनबेच लगायत सरकारी कामकाजमा समस्या आउने गरेको प्रेमराजको भनाई छ । साना काममा आवश्यक पर्दा सम्बन्धित व्यक्तिबाट निवेदन लिई फोटोकपी दिने सुबिधा जिविसले उपलव्ध गराएपनि सक्कलै नागरिकता चाहिने कतिपय महत्वका काममा भने सक्कल नागरिकता उपलव्ध हुँदैन । नगरिकता धितो राखेकाहरुको विवरण जिविसले जिल्ला प्रशासनमा पठाएको छ ।

उक्त कार्यक्रमअर्न्तगत ऋण लिनेहरुले नागरिकता नउकासेसम्म प्रतिलिपि पनि नआउने गरी प्रशासनमा पत्राचार गरिएको थियो । “द्वन्द्वका समयमा विभिन्न कारण विस्थापित भएर सदरमुकाम बस्दा खान, लाउनकै समस्याले नागरिकता धितो राख्यौं, शान्ति प्रक्रिया अगाडि बढेपछि पनि ऋण तिर्न सकिएन, त्यसबेला लिएको १५ हजारको साँवा ब्याज चालिस हजार नाघिसक्यो, न ऋण तिर्न सकिन्छ न त नागरिकता नै हातमा छ” एक्तिन गाविस वडा नं. ५ का पीडित तुलबहादुर गुरागाई भन्छन् । जिल्लाका ७३ जना पीडितको नागरिकता धितो बन्धक रहँदा समस्या भएपछि नेपाल माओवादी पीडित संघले सबैको हस्ताक्षर संकलन गरी ऋण मिनाहा गर्न माग गर्दै पटक-पटक जिल्ला विकास समिति, स्थानीय शान्ति समिति, जिल्ला प्रशासन कार्यालय हुँदै शान्ति तथा पुनः निर्माण मन्त्रालयसम्म निवेदन पठाएको छ । नागरिकता धितो राखेर ऋण लिने मध्ये अधिकांशको आर्थिक अवस्था अहिलेपनि नाजुक रहेकाले यो प्रकृया थालिएको संघका जिल्ला अध्यक्ष बिलबहादुर थाम्सुहाङको भनाई छ । पाँचथरका प्रमूख जिल्ला अधिकारी प्रदिपराज कँडेल उनीहरुको समस्या किनारा लगाउन गृह र शान्ति मन्त्रालयसँग समन्वय गर्ने बताएका छन् ।



गिरिराज बाँस्कोटा, सञ्चारकर्मी
पाँचथर

# यौन हिसां पीडितको पुर्नस्थापनामा जटिलता

पाँचथर जिल्लाको एक उत्तरी गाविसकी युवतीको बिवाह हुने मिति तय भएपछि तनाव सिर्जना भयो । केहि वर्षअघि छिमेकी युवकबाट बलात्कृत भएकी ति युवतीको बिवाह तय भएपछि उनको चरित्रको कुरा उठाइयो । पीडक पक्षबाट नै प्रतिशोध साँध्ने किसिमबाट अफवा फैलाएपछि ति युवतीलाई थप मानसिक तनाव दिइयो । उनी मात्र होइन यौन हिसांवाट पीडित महिला, बालबालिकाहरुलाई समाजमा पुर्नस्थापित हुन समस्या बन्ने गरेको छ । घटना भएपछि गोप्य राखिन खोजीएपनि 'एक कान, दुई कान मैदान' भन्ने उखान झैं समाजमा फैलिने गर्दछ । यस प्रकारका घटनामा पीडितलाई नै थप पीडा दिने गरी समाज गरिने क्रियाकलापले पछिसम्म असर गर्ने गरेको छ । केहि दिन सदरमुकामको सेवा केन्द्रमा बसेर गाउँ फर्केपछि पीडितको कुरा काट्ने, अनावश्यक रुपमा चरित्रको कुरा उठाउने, समाजिक क्रियाकलापममा नीच भावनाले हेर्ने गरेकाले जबरजस्ती हिसाबले पुर्नस्थापित पीडितहरुलाई थप मानसिक असर पर्ने गरेको सरोकारवालाको भनाइ छ ।

'सामाजको बनोट, पीतृसतात्मक सोंच तथा पीडकहरुको सामाजिक दबदवाका कारण यौन हिंसा पीडित महिला तथा बालबालिकालाई समाजमा स्थापित हुन निक्कै ठुलो जटिलता मोल्नु पर्छ' महिला मानवअधिकारकर्मी विमला ढकाल भन्छिन्- 'मानसिक रुपमा दबावमा राखेर पीडितलाई समस्यामा पार्ने गरिन्छ ।' उनका अनुसार अधिकतम् यौन हिंसाका घटनामा जबरजस्ती पीडितहरु पुर्नस्थापित भइरहेका छन् । पाँचथरको अमरपुर गाविस वडा नं. ३ मा २०७१ फागुन ६ गते आफ्नै काकाले आठ वर्षिया बालिकालाई बलात्कार गरे । मिठाई दिने भन्दै बोलाएका काकाको आक्रमणमा परेकी बालिकाले रोई कराई गरेको त्यो बेला कसैले सुनेन् । बालिकाले रोहि कराई गरेपछि अभिभावकले प्रहरीलाई खबर गरेका थिए । गाँउमा हल्ला भईसकेपछि १८ बर्षिय पीडक फरार भए । उनलाई अझैसम्म प्रहरीले पक्राउ गर्न सकेको छैन् । ति बालिकाले विद्यालय जाँदा साथीहरुले जिस्काउने, खेल्ने साथी नहुने समस्या भोगिरहेकी छन् । काकाबाटै पीडित बालिका साथी, भाईहरुको क्रियाकलापले थप पीडित छन् ।

यस्ता धेरै घटना छन्, यौन हिसां पीडित बालिकाहरुले विद्यालयमा पाएका थप समस्याका । साथीहरुसँगै नखेल्ने, अनावश्यक जिस्काउने, शिक्षकहरुले पनि राम्रो व्यहार नगर्न समस्याले सताइरहेको पाइन्छ । यस्तै समस्या फिदिमकी एक बालिकाले भोग्दै छिन् । ट्युसन पढ्न जाँदा शिक्षकबाट बलात्कृत भएकी ति बालिकालाई अचेल पढ्न पटक्कै मन छैन् । आफन्तहरु र आफ्नै समाजकाबाट बलात्कृत हुनेहरु धेरै छन् । यहि कारणले पनि परिवारबाट नै हेयको भावनाले हेरीने इन्सेक प्रतिनिधि मंगल बेघाको भनाई छ । समाजको संकर्ण मानसिकताले पीडितलाई थप पीडा दिने काम भईरहेको उनको अनुभव छ । आर्थिक अवस्था कमजोर भएका, समाजमा राम्रो उपस्थिति नभएका, शारिरीक रुपमा अशक्तहरु यौन हिसांका पीडित छन् । कमजोर अवस्था भएका कारणले पनि पुर्नस्थापनमा समस्या देखिने गर्छ ।

‘किन प्रहरीलाई खबर गरिस् ? भन्ने हिसाबको व्यवहार गरिन्छ’ एक पीडित बालिकाकी आमाले भनिन्- ‘मेरै छोरी पीडित छ, उसकै कुरा काटिन्छ ।’ समाजमा सांस्कृतिक, धार्मिक क्रियाकलापमा पीडितहरु जान चाहादैनन् । विभिन्न बहाना पारेर कुरा काट्ने गरिन्छ । पीडक त्यहि समाजको हुने र रिसको भावना राख्ने गरेकाले भयको सृजना समेत हुने गरेको पीडितहरु बताउँछन् । पछिल्ला वर्षहरुमा जिल्लामा यौनजन्य हिसांका घटना बढेका छन् । कतिपय ठाउँका आरोपीहरु अझै फरार छन् । पीडक फरार भएका कारण पीडितहरु तनावमा हुने गरेको बताइन्छ । यौन हिसांका घटना भएपनि सदरमुकाममा रहेका सेवा केन्द्रमा केहि दिन राखेर उहि समाजमा पठाइन्छ । मानसिक र शारिरीक रुपमा विक्षिप्त भएकालाई सेवा केन्द्रमा खासै मानसिक उपचार हुँदैन । केहि दिन राखेर समाजमा स्थापित हुने समस्याको ख्याल नै नगरी गाउँ पठाइन्छ । ‘गाँउ घरको समाज त्यस्तै छ, पीडितहरु थप पीडामा रहेपनि चुपचाप सहिरहेको देखिन्छ’ ढकालले भनिन्- ‘सहज पुर्नस्थापनाको वातावरण बनेको छैन । समाजमा, विद्यालयमा बालबालिकालाई गलत दृष्टिकोणले हेर्न गरेका छन् । धार्मिक, सांस्कृतिक तथा समाजिक हेयको दृष्टिमा बालिकाहरु पर्ने गर्छन् ।’ प्रहरीसँग भएको तथ्याङ्क अनुसार यौन हिसांको घटना भयाङ्कर छ । चालु आर्थिक वर्षको नौ महिनामा नौ जना बलात्कृत भएका छन् भने सात जना माथि बलात्कारको प्रयास भएको देखिन्छ । यौन हिंसाको शिकारमा बढी बालिका नै छन् । आर्थिक वर्ष २०७०/०७१ मा ८ जना माथि बलात्कार र सात जनामाथि प्रयास भएको तथ्याङ्क जिल्ला प्रहरी कार्यालय, पाँचथरसँग छ । यसअघि २०६९/०७० मा सात जना बलात्कृत र एकजना माथि बलत्कारको प्रयास भएको देखिन्छ । यस्तै आ.ब. २०६८/०६९ मा भने एक जना बलात्कृत भएकी थिइन् भने तीन जनामाथि बलत्कार प्रयास भएको थियो ।

मानसिक सन्तुलन गुमाएकी एक मधेशी मुलकी युवती गर्भवती भएपछि केहि महिनाअघि फिदिममा समस्या सिर्जना भयो । जतासुकै खाने, सुत्ने, फोहोरै बस्ने, एक्लै बोल्ने ति महिला शारिरीक सम्बन्ध कस्ले राख्यो भन्दा पनि कसरी व्यवस्थापन गर्ने भन्ने समस्या जटिल भयो । सार्वजनिक कार्यक्रममा चर्को कुरा उठेपछि उनको स्वास्थ्य परिक्षण गर्दा पेटमा पाँच महिनाको बच्चा रहेको खुल्न आयो । युवतीले गर्भपतन गर्न नमानेपछि उनलाई कसरी राख्ने भन्ने ठुलो चुनौती देखापर्यो । लामो प्रयास पछि उनलाई कोशीस नामको संस्थाले उपचारका लागि भन्दै काठमाण्डौं लग्यो । सदरमुकाम बाहिर पनि यसप्रकारका समस्या देखा पर्ने गर्छन् । बालिका र तिनका अभिभावको आँशु र वेदनामा समाजको चित्र नराम्रो बनेको देख्न पाईन्छ । अवला भएको हिसाबमा राक्षस शैलीमा बलात्कार गर्ने, बलात्कारको प्रयास गर्ने, अन्य यौन हिंसाजन्य क्रियाकलाप गर्ने संख्या बढेर गएको पाईन्छ । यौनजन्य हिसांको घटनाले समाजमा गम्भिर त्रास बढाएको सरोकारवाला निकायको भनाइ छ । कानुन कार्यान्वयनमा रहेको फितलोपना मुख्य समस्या भएको छ । यसबीच अहिले पुर्नस्थापनाको चिन्ता जटिल बनेर गएको छ । शिक्षित समुदायले पनि यसको ख्याल नगर्ने गरेको आरोप लाग्छ । पुर्नस्थापनामा देखिएका समस्या, गाँउम हुने हेयको वातवरणका घटनाको उजुरी प्रहरीसम्म आएको देखिदैन । पीडा सहेरै बस्ने गरेको सरकोकारवालाको भनाइ छ । औपचारीक रुपमा समाजमा पुर्नस्थापना हुन कठिन भएको उजुरी नआएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी निरिक्षक रविराज थपलियाले बताए । ‘समाज यहि हो, कुरा नकाटि मान्छेहरु बस्न सक्दैंनन्’ थपलियाले भने ‘यसले पीडितलाई थप पीडामा पार्छ ।’



श्याम भुजेल, सञ्चारकर्मी
इलाम

# पाएनन् क्षतिपूर्ति द्वन्द्व पीडितहरुले

सशस्त्र द्वन्द्वका समयमा इलाम नामसालिङ्ग-७ का लेखनाथ चापागाईलाई तत्कालीन विद्रोही माओवादीहरुले नियन्त्रणमा लिएर हत्या गरे । त्यस क्रममा विद्रोहीहरुले चापागाईको घरमा लुटपाट समेत गरे । नगद एक लाख ८० हजार रुपैयाँसहित, सुन, लत्ताकपडालगायतका अन्य सामग्री विद्रोहीहरुले लगेको चापागाईका छोरा दामोदर बताउँछन् । माओवादीहरुले चन्दा स्वरुप लिएको ६ लाख २० हजार रुपैयाँको रसिद समेत लगेपछि द्वन्द्वमा भएको धेरै सम्पति क्षतिको प्रमाण चापागाई परिवारसँग छैन । चापागाई परिवारले लेखनाथ चापागाईको हत्याको राहत भन्दै सरकारले तीन लाख रुपैयाँ चापागाई परिवारलाई दिए पनि सम्पति क्षतिपूर्ति पाएका छैनन् ।

इलाम बरबोटेकै सूर्यप्रसाद आचार्यलाई विद्रोहीले अपहरण गरेर हत्या गरे । श्रीमानलाई अपहरण गर्दा लगेको एक लाख ८० हजार रुपैयाँ र चन्दा स्वरुप लगेको ८० हजार रुपैयाँको क्षतिपूर्ति दिलाई दिन मृतककी श्रीमति तेजकुमारी आचार्य सरकारसँग गुहार माग्दै छिन् । तर, द्वन्द्वमा भएको आर्थिक क्षतिको प्रमाण उनीहरुसँग पनि छैन । यी त प्रतिनिधि घटना मात्र हुन् । राज्य पक्षबाट भएको व्यक्तिको सम्पत्ति क्षति होस् या विद्रोही पक्षबाट भएको घटना, जिल्लाका धेरैसँग आर्थिक क्षतिको प्रमाण छैन । उनीहरु अहिले सम्पति क्षतिको पूर्ति गराउनका लागि सरकारसँग माग गर्दैछन् । 'बाबुलाई मारेर घर लुटपाट भएपछि घरको ढोका नलगाई हिंड्यौ'-नामसालिङ्गबाट विस्थापित बनेका दामोदर चापागाई भन्छन्-'तर, अहिलेसम्म सम्पतिको क्षति पाएका छैनौ ।' चापागाई परिवारलाई सम्पतिको क्षतिपूर्ति उपलब्ध गराउन जिल्लास्थित सिफारिस समितिले मन्त्रालयमा भर्खरै सिफारिस गरेको छ । द्वन्द्वमा भएको सम्पति क्षतिपूर्ति नपाउँदा धेरै द्वन्द्वपीडित अहिलेसम्म पछि परेको भन्दै उनले सम्पति क्षतिको परिपुरण गरिनुपर्ने बताउँछन् । 'हामीले क्षतिको परिपुरण पाउनुपर्छ'-उनी भन्छन्-'मनको शान्ति भएन भने मौन शान्तिको अर्थ हुँदैन ।'

द्वन्द्व सकिएको आठ वर्ष भइसक्दा पनि सम्पति क्षतिको क्षतिपूर्ति नपाउँदा द्वन्द्वपीडितहरु निरास बन्दैछन् । द्वन्द्वमा भएको सम्पति क्षतिको क्षतिपूर्ति माग गर्दै इलाममा मात्रै चार सय १८ जनाले निवेदन दिएका छन् । तर, अधिकाशंको प्रमाण जुटाउन नसकेकाले प्रक्रिया अघि बढेको छैन । 'क्षतिपूर्तिका लागि धेरैको कागज पुग्दैन, कागज नपुगेको फाइल अघि बढाउन सकिदैन'-स्थानीय शान्ति समिति इलामका सचिव डिकेन्द्र इधिङ्गोले भने-'कागजात नहुँदा क्षतिपूर्तिका लागि सिफारिस गर्ने समस्या छ ।' पीडितको निवेदन छानविन गरेर प्रमुख जिल्ला अधिकारी संयोजक रहेको समितिले क्षतिपूर्तिका लागि सिफारिस गर्ने गरेका छ । तर, त्यसमा सम्पति क्षतिको घटनाले प्राथमिकता पाउन सकेको छैन । इलाम सदरमुकाम भिडन्तमा घरमा क्षति पुगेकाहरु बाहेक अन्य छ जनाले मात्रै सम्पति क्षतिको पूर्ति पाएको जिल्ला प्रशासन कार्यालयका लेखापाल भिष्म दाहालले बताए । 'सदरमुकाम भिडन्तमा घर क्षतिको मूल्याङ्कन गराएर क्षतिपूर्ति माग्ने ३४ घरपरिवार र अन्य छ जनाले सम्पतिको क्षतिपूर्ति लिएका छन्'-उनले भने-'अहिलेसम्म सम्पति क्षति भएकालाई पूर्ति दिन १५ लाख ८७ हजार रुपैयाँ निकासा भएको छ ।' दुई वर्षयता जिल्लामा सम्पति क्षतिपूर्तिका लागि

रकम निकासा भएको छैन । क्षति दावी गर्नका लागि घटनाका बेला भएको प्रहरी मुचुल्का, गाविसको सिफारिस, गाउँस्तरीय शान्ति समितिको सिफारिस, भौतिक संरचना क्षति भएको भए त्यसको फोटोलगायतका कागजात खोजिन्छ । द्वन्द्वका बेला भएका धेरै सम्पति क्षतिसम्बन्धी घटनामा प्रहरी मुचुल्का भएको छैन । तोकिएको कागजात पुऱ्याउन नसक्दा पीडितहरुले क्षतिपूर्ति नपाउने अवस्था छ । अचल सम्पति क्षति भएकाले क्षतिपूर्ति पाएको भए पनि चल सम्पति क्षति भएकालाई क्षतिपूर्ति दिलाउन समस्या रहेको स्थानीय शान्ति समिति इलामका पूर्व संयोजक होम दुलाल बताउँछन् । 'चन्दा दिइएको वा लुटिएको प्रमाण पुऱ्याउन गाह्रो छ'-उनले भने-'भएका प्रमाणहरुले पनि सम्पति क्षतिको पुष्ट्याई हुँदैन ।' सम्पति क्षतिपूर्ति दिलाउन धेरै जटिल भएकाले यसले प्राथमिकता पाउन नसकेको उनी स्वीकार्छन् । 'शुरुमा मृतक, बेपत्ता घाइतेलाई प्राथमिकता दिइयो'-उनले भने-'तर, जिल्लामा सबैभन्दा धेरै आर्थिक क्षतिकै माग आउँछन्, क्षतिपूर्ति दिंदा राज्यले धान्न सक्ने अवस्था नै छैन ।' चन्दाको रसिदका भरमा क्षतिपूर्ति दिन नसकिने उनको भनाई छ । 'चन्दा दिएको रसिद अहिले पनि बन्न सक्छ, चन्दाको रसिदकै भरमा क्षतिपूर्ति दिन गाह्रो छ'-उनले भने-'तर, चन्दा दिंदा आर्थिक क्षति भएको समस्या धेरै आउँछ ।' जिल्लामा चल सम्पति क्षतितर्फ इलाममा ७५ लाख रुपैयाँसम्म चन्दा दिएको माग दावी परेका छन् । कतिले १० किलो आलु लगेको देखि ७५ लाख रुपैयाँ चन्दा दिएकोसम्म दावी गरिएका छन्'-शान्ति समिति सचिव इधिङ्गोले भने-'तर धेरै निवेदनमा पर्याप्त प्रमाण छैनन ।' नेकपा माओवादीका जिल्ला संयोजक धिरेन्द्र शर्मा रमण भने पहुँचवालाले मात्र सम्पति क्षतिपूर्ति पाएको आरोप लगाउँछन् । 'प्रक्रिया पुऱ्याएर लैजाने पहुँचवालले क्षतिपूर्ति पाए'-उनले भने-'गाउँका मान्छेले प्रक्रिया नै पुऱ्याउन सक्दैनन ।' स्थानीय शान्ति समितिलाई अधिकार सम्पन्न बनाएर त्यहाँबाट पहल गर्नुपर्ने शर्माको भनाई छ । 'सबैले पाउने किसिमको प्रक्रिया बनाएर काम गऱ्यो भने हुन्छ'-उनले भने-'नभए यो समस्याको अन्त्य हुँदैन ।'

यता द्वन्द्वपीडितहरुको क्षेत्रमा क्रियाशिल न्यायका लागि द्वन्द्वपीडित समाजका संयोजक समेत रहेका दामोदर चापागाई भने जिल्लामा छुट्टै संयन्त्र बनाएर सम्पति क्षतिको छानविन गरिनु पर्ने बताउँछन् । 'प्रभावकारी रुपमा छानविन गरेर वास्तविक पीडितलाई क्षतिपूर्ति दिलाइनु पर्छ'-उनले भने-'नागरिकको सम्पतिको रक्षा गर्नु राज्यको दायित्व हो, सम्पतिको रक्षा गर्न नसकेपछि क्षतिको परिपुरण गराउनु राज्यको दायित्व हो ।' जिल्लास्थित राहत सिफारिस समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले भने आर्थिक क्षतिपूर्तिका लागि निवेदनै नपरेको दावी गर्छन् । 'प्रक्रिया पूरा गरेर निवेदन आएकालाई हामीले सिफारिस गरेका छौं'-प्रजिअ दाहालले भने-'तर, त्यस्तो निवेदनै पर्दैन ।' शान्ति मन्त्रालय अन्तर्गत केन्द्रमा बनेको सिफारिस समितिले एक महिनाअघि द्वन्द्वमा छुटेका घटनाहरुको निवेदन संकलन गरेको थियो । त्यस अवधिमा १५ जनाले निवेदन गरेका छन् । सरकारले मृतकका परिवारलाई १० लाखका दरले रकम प्रदान गर्ने घोषणा गरेको भए पनि अहिलेसम्म एक सय ३९ जनामध्ये एक सय २८ जनाको परिवारले तीन लाखका दरले मात्र रकम पाएका छन् । त्यस्तै बेपत्ता भएका चार जनामध्ये तीन जनाको परिवारले तीन लाखको दरले रकम पाएका छन् । ३६ जना एकल महिलाले दुई लाख ५० हजार रुपैयाँका दरले, अङ्गभङ्ग भएका ५० जनाले प्रकृति अनुसार २५ हजार रुपैयाँदेखि दुई लाखसम्म राहत पाएको शान्ति समिति इलामले जनाएको छ । द्वन्द्वमा पीडित बनेका छ हजारको नाम संकलन गरिएको छ । त्यसमा सबैभन्दा बढी यातना पाएकाको नाम छ ।

# मानवअधिकार, यसको बुझाई र वर्तमान अवस्था



खगेन्द्र अधिकारी
सञ्चारकर्मी, ताप्लेजुङ

## १. बिषय प्रवेश :

मानव विकास सँगसँगै मानवीय आवश्यकता अनुरुप मानवअधिकारको परिधी पनि बढ्दै गएको पाइन्छ । नागरिक, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार: यी ५ ले मानवअधिकारको अधिकतम् क्षेत्र ओगटेको छ । नेपालमा मानवअधिकारसँग सम्बन्धित सुव्यवस्थित कानुन निमार्णको इतिहास लामो छैन । आधुनिक नेपालको एक सय चार बर्ष जहानियाँ राणा शासनमा बित्यो । २००७ सालपछिका आधा शताब्दी मध्येका ३० बर्ष निर्दलीय पञ्चायती व्यवस्थाले लियो । २०४६ साल पछिमात्र मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा क्रियाशिलता बढेको पाइन्छ । यसबाहेक २०५५ देखि २०६३ सम्मको अवधि पनि फस्टाउँदो मानवअधिकारका लागि अनुकूल समय बनेन । मुलुकमा भएको सशस्त्र द्वन्द्व र देशको तरल राजनीतिले मुलुकलाई मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्नेभन्दा पनि 'एनी हाउ, ज्यान जोगाउ' भनेजस्तै बनाइदियो ।

शासन फेरिए पनि संस्कृति फेरिएन र मुलुक कुनै न कुनै रुपमा सत्ता एवम् शक्तिको दासी बनिरह्यो । त्यसैले यो समय मानवअधिकारको दृष्टीकोणबाट अनुकूल समय सावित भएन । २०६२-०६३ पछिको अवस्थाले पनि मानवअधिकारको आधारभूत सिद्धान्त र यसको मर्मलाई क्रमश: सम्मान गर्दै लगेपछि नेपाली नागरिकले मानवअधिकारको पूर्ण प्रत्याभूति गर्न भने पाएको अवस्था छैन । संक्रमणकाललाई आधार बनाएर जनताले खोजेको मानवीय आवश्यकता प्राप्तिको बिन्दु ठेलेरै पर सार्ने दुस्साहासका कारण मानव अधिकारको उपभोगमा नागरिक चुक्दै गएका छन् । न्याय सहित नेपाल निमार्णको अभियान बोकेर अधिकार प्राप्तीमा रक्तपातपुर्ण लडाईं लडेका नागरिक अहिले पनि मानव अधिकार उपाभोग गर्न पाउनकै लागि सुक्ष्म लडाईं लडिरहेका छन् । यसले मानवअधिकार 'कतै नभटिने चिज' जस्तो बनिरहेको छ । मानवअधिकारलाई नागरिक तथा राजनीतिक अधिकारको पर्यायको रुपमा पनि बुझ्न सकिन्छ । शुरुमा मानवले जन्मेपछि मृत्यु हुनु अघिसम्म पाउने सबै अधिकारलाई मानवअधिकारको रुपमा व्याख्या गरियो । मानवअधिकारका क्षेत्रमा क्रियाशील अधिकारकर्मीहरुले पनि यस्तै बुझे । तर समय परिवर्तन हुँदै गएपछि मानवअधिकारलाई बढी साँघुरो भएको महशुस गर्दै जन्मेदेखि मृत्यु पछि संस्कार सकिँदासम्मको अवस्थासम्मलाई मानवअधिकारको रुपमा व्याख्या गरियो । शब्द र रुपले जे भनिएपनि मानवअधिकार मान्छेले पाउने सबै अधिकार हुन् । चाहे त्यो छाना, नाना र खाना प्राप्तिको अधिकार होस् या सामाजिक जीवनयापन, सांस्कृतिक या राजननीतिक, नागरिक जे होस्, यि सबै अधिकार मानवअधिकार हुन् । त्यसैले मानवअधिकारलाई एउटा शब्द र अनुच्छेदको व्याख्याले मात्र पुरा गर्दैन ।

## २. अन्तर्राष्ट्रिय कानुन/मान्यतासँग नेपाल :

अन्तर्राष्ट्रिय क्षेत्रमा मानवअधिकार सम्बन्धि विभिन्न कानून, अनुबन्ध तथा अभिसन्धीहरु निर्माण भएका छन् । यि मध्ये नेपाल १६ वटा अन्तर्राष्ट्रिय महासन्धीको पक्षराष्ट्र बनेको छ । नेपालको सन्धी ऐन २०४७ को दफा ९ अनुसार

अनुमोदन भएका यि सन्धी, अभिसन्धी र महासन्धीहरुले राष्ट्रिय कानुन सरह मान्यता पाउँदछ । यति सम्मकी राष्ट्रिय कानुनका प्रावधानहरु अन्तर्राष्ट्रिय महासन्धीका प्रावधानहरुसँग बाझिएको हदसम्म अन्तर्राष्ट्रिय महासन्धीका प्रावधानहरु लागु हुन्छन् । अन्तर्राष्ट्रिय महासन्धीका प्रावधानहरु आफ्नो देशको कानुनसँग बाझिएको खण्डमा अन्तर्राष्ट्रिय महासन्धीका प्रावधानहरुलाई लागु भएको मान्ने नेपाल दक्षिण एशियाकै पहिलो देश हो । यस्ता प्रक्रियाहरुले बिशेष गरेर प्रजातन्त्र पुनर्स्थापना र लोकतान्त्रिक आन्दोलनपछि भने नेपाल मानवअधिकारको संरक्षण र प्रबर्द्धनमा खुला भएर अघि बढेको भान हुन्छ ।

### ३. नेपालले स्विकार गरेका प्रमुख अन्तर्राष्ट्रिय कानूनहरु :

नेपालले मानवअधिकार सम्बन्धि विश्वव्यापी घोषणापत्र १९४८ र जेनेभा महासन्धीजस्ता दुई महत्वपूर्ण अन्तर्राष्ट्रिय कानुनलाई मानवअधिकार संरक्षणको मुल मर्म र पात्र बनाएको छ । यि बाहेक अन्य ५ वटा महत्वपुर्ण अन्तर्राष्ट्रिय कानुनको समेत पक्ष राष्ट्र छ ।

(क) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अनुवन्ध
(ख) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अनुवन्ध
(ग) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धि महासन्धी
(घ) बालअधिकार सम्बन्धि महासन्धी
(ङ) जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धि महासन्धी

### ४. मानव अधिकारबारे सर्वसाधारणको बुझाई :

मानिसका आधारभूत आवश्कताको सम्बोधन गर्ने अधिकारलाई सोझो अर्थमा सर्वसाधारणले मानवअधिकार भनेर बुझ्ने गरेका छन् । यो पंक्तिकारको विचारमा सारमा जे भएपनि रुपमा यो बुझाई नै सही हो भन्ने हो । उदाहरणका लागि नेपालको कानुनले प्रत्येक नागरिकलाई उपचार पाउने अधिकारको संरक्षण गरेको छ । यो मौलिक कुरा हो । यद्यपी, यथार्तमा आम नेपाली नागरिकले राज्यबाट उपचारको हक अनुसारको सुबिधा उपभोग गर्न पाएका छैनन् । सरकारले निशुल्क रुपमा उपलब्ध गराउने सिटामोल नपाएर नागरिकले ज्यान गुमाई रहनुको पींडाबाट थलिएका थुप्रै उदाहरण र घटना हाम्रा अगाडि साक्षी छन् । यस अर्थमा भन्ने हो भने नागरिकले आफुले मानवअधिकारको उपभोग गर्न पाएका छैनन् । शिक्षाकै कुरा गरौं : नेपालको शैक्षिक नीति अनुसार हेर्ने हो भने माध्यमिक सम्मको शिक्षा निःशुल्क छ । निरक्षरता उन्मुलनका क्रियाकलाप समेत सञ्चालन भई रहेको यो समयमा सबैले निशुल्क रुपमा शिक्षा आर्जन गर्न पाई रहेका छैनन् । उनीहरुले बुझ्ने मानवअधिकार भनेको 'पहुंचवालका सन्तान, आफन्त र छिमेकीले' पाउने अधिकार हो । त्यसैले सर्वसाधारणले मानवअधिकारलाई सहि अर्थमा बुझ्न नसकिरहेको यर्थात छ ।

### ५. को जिम्मेवार ?

मानवअधिकारको अर्थ र परिभाषालाई सर्वसाधारण सम्म सही ढङ्गले पुऱ्याउन नसक्नुको सबैभन्दा पहिलो जिम्मेवारी सरकारले लिनुपर्ने हुन्छ । किनकी, सरकारले 'म मानवअधिकारको संरक्षण, सम्बर्द्धन एमव प्रबर्द्धन गर्नेछु, मानवअधिकारको संरक्षणमा सर्मपित हुन्छु' भनेर अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धी र महासन्धी स्विकार गऱ्यो । आफ्नो देशको कानुनभन्दा बलिया ठहरे अन्तर्राष्ट्रिय प्रावधानहरु अनुसार गर्नेगरी हस्ताक्षर गऱ्यो । मानवअधिकारकै संरक्षणमा केन्द्रित रहन संवैधानिक निकाय रहने गरी राष्ट्रिय मानवअधिकार आयोगको परिकल्पना राज्यले नै गऱ्यो । तर उसले

कानुनमा जति कुरा उल्लेख गऱ्यो, जनतालाई सबै कुराको सम्बोधन गर्न सकेन । यसबाहेक राज्यले मानवअधिकारलाई औपाचरिक शिक्षाको रुपमा कहिल्यै लागु गरेन । अनौपचारिक बुझाईले सर्वसाधारणको यसप्रतिको परम्परागत धारणामा आमुल परिवर्तन गर्न सकेन । फलस्वरुप सर्वसाधरणले मानवअधिकारलाई आफ्नै बुझाई र बिश्लेषणका आधारमा व्याख्या गरे । दोस्रो जिम्मेवारी अधिकारवाला संघ, संस्थाको हो ।  मानवअधिकारका शब्द, परिभाषा र सिद्धान्तलाई वस्तुनिष्ठ ढङ्गबाट सर्वसाधारणको पहुँचसम्म स्थापीत गर्न नसक्नुले अहिले पनि तत्कालीक मानवीय आवश्यताबाहेक अरु कुरा मानवअधिकार होईनन् भन्ने भान सर्वसाधारणको मानस पटलमा केन्द्रित हुन पुगेको छ । जिम्मेवारी भएर पनि अधिकारकर्मीहरुले मानवअधिकारको सही अर्थ जनसमक्ष पुऱ्याउनमा केही बाधा भई रहेको छ । यो कमजोरीका कारण सर्वसाधारणले मानवअधिकार भनेको टाठाबाठाले पाउने अधिकार हो भन्ने गलत बुझाई राखिरहेका छन् । वास्तवमा मानवअधिकार प्राप्तिको बिन्दुले नत टाठाबाठा, धनी-गरिव, उचो-निचो वा महिला, पुरुष भनेर विभेद गर्दछ, नत नातावाद वा कृपावादको असर । मान्यतागत हिसावले यो सबैका लागि समान हुन्छ ।

## ६. मानव अधिकारको उल्लंघन :

अहिले त, त्यस्तो बुझाई सायदै कम होला : द्वन्द्वकालीन समयमा भने राज्य र विद्रोही दुबै पक्षले असामन्य घटना गराउँदाको क्षणलाई आम मानिसले मानवअधिकारको उल्लंघनको रुपमा व्याख्या गर्दथे । बुझाईमा एकरुपता नहुँदा विद्रोही पक्षले गरेको अमानवीय व्यवहारलाई केही संचार माध्यमले समेत मानवअधिकारको उल्लंघनको रुपमा उल्लेख गरे । तर मुलतः यसमा केहि त्रुटी थियो । जसले मानवअधिकारको संरक्षण गर्छु भनेर हस्ताक्षर गरेको छ, उसले हस्ताक्षर गरे अनुसारको काम गरेन भने त्यहाँ मानवअधिकारको उल्लंघन भएको ठहर्दछ । द्वन्द्वकालका विद्रोही जसले संरक्षण गर्छु भनेर हस्ताक्षर गरी सपथ खाएको छैन, उसले अमानवीय व्यहार गरेर क्रुरता देखाउला तर शाब्दिक अर्थमा त्यसलाई मानवअधिकारको उल्लंघन भएको देखिदैन । मानवअधिकारको उल्लंघन हुनलाई कुनै न कुनै कोणबाट कुनै घटना वा पात्रको रुपमा राज्यको निकाय जोडिएकै हुनुपर्दछ । गैरराज्य पक्षको निकायले गरेको मानवीय सम्वेदना विपरितको कार्यलाई ज्यादती, अमानवीय व्यहार वा क्रुरता भनेर सम्बोधन गर्न सकिन्छ ।

## ७. उपसंहार :

छोटो रुपमा मानिसले मानिस भएर बाँच्न पाउनु मानवअधिकार हो । त्यसका लागि मानिसको दैनिकी मानिसकै जस्तो हुनुपर्दछ । मानिस भएर जिउन पाउने गरीको सम्मान, खान पाउने, लाउन पाउने, राज्यको हित अनुकूलका कुनै क्रियाकलाप गर्न वा सम्पादन गर्न पाउने, राजनीतिक अधिकारको सम्मान तथा उपभोग गर्न पाउने, आफ्नो संस्कृति अनुकूल चल्न पाउने हो भने सर्वसाधारणले मानवअधिकार पाएको महसुश गर्नेछन् । कानुन बनाउनु ठूलो कुरो होईन, तर कानुनले व्यवस्था गरे अनुसार अधिकार प्रत्याभूत गर्नु राज्यको प्रमुख दायित्व हो । यसबाट कसैले बिमुख हुन मिल्दैन । जबसम्म मानवअधिकारको सही व्याख्या, बिश्लेषण र व्यवहार तल्लो तहसम्म पुग्दैन, तबसम्म मानवअधिकारको सही उपयोग र उपभोग हुन सक्दैन । यसतर्फ राज्य, राज्यका निकाय र अधिकारको क्षेत्रमा काम गर्ने संघ, संस्था र अधिकारकर्मी सदैव सचेत बन्नु पर्दछ ।